पहिलो परिच्छेद

# अध्ययन परिचय

## १.१ विषय परिचय

मानिस संसारको सबैभन्दा चेतनशील प्राणी हो । चेतनशील प्राणी भएका नाताले मान्छेलाई गास, बास र कपास जस्तै मनोरञ्जनको पनि आवश्यकता बढ्दै जान्छ । त्यहीँ मनोरञ्जनको आवश्यकता परिपूर्तिका लागि भन्ने र सुन्ने परम्परामा विकास हुँदै आएको साहित्यलाई मौखिक साहित्य वा लोकसाहित्य भनिन्छ । लोकसाहित्यमा हाम्रो लोकजीवनको वास्तविकता अभिव्यक्त भएको हुन्छ । यसैकारण लोकसाहित्यलाई हाम्रा अग्रज, अध्यताले समाजको ऐनाका रूपमा उल्लेख गर्दै आएको पाइन्छ । लोकसाहित्यका विभिन्न विधा लोककथा, लोकगाथा, लोक कविता, उखानटुक्का आदि जस्तै लोकगीत पनि लोकसाहित्यको एउटा विधा हो । आख्यानरहित चुट्किलो गेयात्मक विधालाई नै लोकगीत भन्ने गरिन्छ ।

नेपालको प्रदेश ४ अन्तर्गत धवलागिरी अञ्चल पर्दछ त्यसै अञ्चलको पर्वत जिल्लाको कुश्मा क्षेत्र मिश्रित बसोबास भएको क्षेत्र हो । यस क्षेत्रमा विभिन्न किसिमका लोकगीत प्रचलनमा छन् । हालसम्म कुनै निकायबाट यस विषयमा अनुसन्धान हुन सकेको छैन । त्यसैले पर्वत जिल्लाको कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको विषयमा केन्द्रित रहेर यो अध्ययन पत्र तयार गरिएको छ ।

## १.२ अध्ययन पत्रको शीर्षक

प्रस्तुत अध्ययन पत्रको शीर्षक ‘कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन’ रहेको छ ।

## १.३ अध्ययन पत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५४०–६) को आंशिक प्रयोजनको निम्ति यो अध्ययन पत्र प्रस्तुत गरिएको छ ।

### १.४ समस्या कथन

अध्ययन, अनुसन्धान कार्य कुनै न कुनै समस्या कथनसँग सम्बन्धित रहेर गरिएको हुन्छ । यसैक्रममा कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन शीर्षकको प्रस्तुत अध्ययन कार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

१. कुश्मा क्षेत्रको भौगोलिक अवस्था कस्तो छ ?

२. कुश्मा क्षेत्रमा प्रचलित लोकगीत कति प्रकारका छन् ?

३. कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन विश्लेषण के कसरी गर्न सकिन्छ ?

### १.५ अध्ययनको उद्देश्य

यस अध्ययन पत्रको मुख्य उद्देश्य समस्या कथनमा उल्लेख गरिएका विषयमा केन्द्रित छ । पर्वत जिल्लाको कुश्मा क्षेत्रमा प्रचलित लोकगीतलाई जनसमक्ष पुऱ्याउने अध्ययनका निम्न उद्देश्य रहेका छन् ।

१. कुश्मा क्षेत्रको भौगोलिक स्वरूपको चिनारी दिनु,

२. कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण गर्नु,

३. कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन र विश्लेषण गर्नु ।

### १.६ पूर्वकार्यको विवरण

लोकगीत लोकसाहित्यको एक उत्कृष्ट विधा हो । सोही कारण यसको अध्ययन परम्परा व्यापक रहेको छ । लोकसाहित्य, लोकगाथा, लोककविता, लोककथा, उखान टुक्का जस्ता लोकसाहित्यका विविध उपविधामा अध्ययन, अनुसन्धान र विश्लेषण हुँदै आएको पाइन्छ । यसरी दिनप्रतिदिन लोकसाहित्यको विवेचना हुँदै जाने सन्दर्भमा पर्वत जिल्लाको कुश्मा क्षेत्रका लोकगीतका बारेमा केन्द्रित भई लेखिएका कृति भने नपाइने अवस्था छ । जुन क्षेत्रको बृहत् अध्ययन नहुनु, यस क्षेत्रका गीतका बारेमा लेखिएका कृति नपाइनु स्वभाविकै हो । यस क्षेत्रका यस्ता अनुसन्धानात्मक कृति नपाइए तापनि यस क्षेत्रमा विभिन्न किसिमका लोकगीत घन्किरहेको पाइन्छ । नेपालका अन्य क्षेत्रमा प्रचलित लोकगीत यस क्षेत्रमा पनि गाइन्छन् । तिनै विविध क्षेत्रका लोकगीतका बारेमा यस अगाडि नै भएका अध्ययन, अनुसन्धान र विश्लेषण कार्य विभिन्न साहित्यकारले आ-आफ्नै तरिकाले गरेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**क) लक्ष्मण लोहनी - रोदीघर (२०१३)**

लक्ष्मण लोहनीको 'रोदीघर' कृतिमा लोकगीतलाई सामाजिक गीत अन्तर्गत राखेर अध्ययन गरिएको छ । जसमा भ्याउरे, भजन चुड्का, सङ्गिनी, असारे, घाँसे, देउडा, भैलो-देउसी, रसिया, वालन, कर्खा, रत्यौली, मालश्री, बाह्रमासे, फागु, चाँचरी र गबोरा आदिको चर्चा गरेका छन् । यस्तै, नृत्यमा मारुनी, सोरठी, खैँजडी, डम्फू, वालन, करुवा र धान नाँच जस्ता गीतको सोदाहरण विवेचना गरेको पाइन्छ । उनले लोकगीतलाई परिचित तुल्याउने कार्य गरे तापनि कुश्मा क्षेत्रका लोकगीतका बारेमा कुनै प्रकाश पारेका छैनन् (लोहनी, २०१३ : १५६-१७१) ।

**ख) सत्यमोहन जोशी - नेपाली लोक संस्कृति (२०१४)**

सत्यमोहन जोशीले 'नेपाली लोक संस्कृति' कृतिमा लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले दुःखसुखको अभावमा दया, माया, प्रेम भाव अभिव्यक्ति हुँदा स्वयम् उद्गारको रूपमा निस्केर लयदार र काव्यमयी शैली भई सिर्जना हुन्छन् भनेर लोकगीतको चिनारी दिएका छन् । लोकगीतलाई चिनाउने क्रममा कृतिमा विभिन्न प्रकारका गीतको चर्चा भए तापनि कुश्मा क्षेत्रका लोकगीतको बारेमा उल्लेख भएको पाइँदैन (जोशी, २०१४ : २५) ।

**ग) लीला सिंह कर्मा - हाम्रो लोकसाहित्य (२०२३)**

सिन्धुली माडीबाट लेखक लीलाभक्त कर्मा स्वयम्ले प्रकाशन गरेको **'हाम्रो लोकसाहित्य'** पुस्तकमा नेपालका विभिन्न क्षेत्रका लोकगीतका बारेमा प्रकाश पारिएको छ । त्यस कृतिमा लोकसाहित्यको चर्चा भए तापनि कुश्मा क्षेत्रका लोकगीतका बारेमा कुनै चर्चा भएको पाइँदैन (कर्मा, २०२३: १३-१४) ।

**घ) कालीभक्त पन्त - हाम्रो सांस्कृतिक इतिहास (२०२८)**

स्याङ्जाका लेखक कालीभक्त पन्तको आफ्नै लेखन र प्रकाशन रहेको प्रस्तुत 'हाम्रो सांस्कृतिक इतिहास' पुस्तकमा नेपाली लोकगीतका बारेमा चर्चा भए तापनि कुश्मा क्षेत्रका लोकगीतका बारेमा भने कुनै चर्चा भएको पाइँदैन (पन्त, २०२८ : १३०) ।

**ङ) विश्वप्रेम अधिकारी - आँधीखोले लोकसाहित्य, प्रस्तुति र विश्लेषण** (२०४९)

यस कृतिमा अधिकारीले लोकजीवनमा लोक लोकगीतको प्रभाव विषयमा विभिन्न गीतको चर्चा गरेका छन् । अधिकारीले कृतिमा आँधीखोले लोकसाहित्य, त्यहाँको प्रस्तुति र लोकसाहित्यको विश्लेषण गरे तापनि कुश्मा क्षेत्रका लोकगीतका बारेमा कुनै चर्चा गरेका छैनन् (अधिकारी, २०५८ : १५) ।

**च) कुसुमाकर न्यौपाने - नेपाली लोकगीत** (२०७०)

कुसुमाकर न्यौपानेले प्रस्तुत कृतिमा लोकसाहित्यको उर्वर विधा लोकगीत हो । लोक र गीत शब्दको योग भई लोकगीत शब्द निर्माण भएको हो, यसलाई लोकगीत, ग्रामगीत र गीत भनिन्छ भन्दै लोकगीतको परिचय दिएका छन् । उनले सो कृतिमा लोकगीतका ८८ प्रकारका बारेमा चर्चा गरे तापनि कुश्मा क्षेत्रका लोकगीत भनेर कहीँ उल्लेख गरेको पाइँदैन (न्यौपाने, २०७० : १) ।

**छ) चूडामणि बन्धु - नेपाली लोकसाहित्य** (**२०७१** ते.सं.)

लोकसाहित्यका अध्येता चूडामणि बन्धुद्वारा लिखित 'नेपाली लोकसाहित्य' कृतिमा लोकगीतका विविध विधाका बारे चर्चा गरिएको छ । लोकगीतलाई सहभागिता र प्रकार्यका आधारमा वर्गीकरण गरिएको छ । यस्तै, बालगीत, कौरा, ख्याली, भ्याउरे, देउडा, रोइला, सेलो, भजन, आएली, मालश्री, भैलो, रोपाइँ, दाइँ, दोहोरी र जुहारीजस्ता गीतको चर्चा गरिएको छ । यस कृतिमा रहेका केही गीत कुश्मा क्षेत्रमा पनि पाइन्छन् तर कुश्मा क्षेत्रका गीत भनेर उल्लेख गरिएको छैन (बन्धु, २०७१ : १२१) ।

माथि प्रस्तुत कृति तथा अध्ययन पत्रलाई अध्ययन गर्दा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लोकगीतका बारेमा अध्ययन, अनुसन्धान र विश्लेषण भइसकेको पाइन्छ । अध्ययन सँगसँगै त्यस क्षेत्रका लोकगीतलाई सङ्गृहीत गरेर संरक्षणमा समेत अध्येता लागेको अवस्था छ ।

यसरी दिनप्रतिदिन लोकगीतको क्षेत्र व्यापक हुँदै गएकाले यस विधामा अझ बढी अध्ययन हुन आवश्यक छ । जुन अध्ययन हुन अझैँ बाँकी नै छ । कुश्मा क्षेत्रमा भने अझै पनि योजनाबद्ध अनुसन्धानको टड्कारो आवश्यकता देखिन्छ । यसै कार्यलाई केही मात्रामा

भए पनि निरन्तरता दिनका लागि कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन शीर्षकको अध्ययन पत्र तयार पारिएको छ ।

## १.७ अध्ययनको औचित्य र महत्त्व

लोकसाहित्य परम्परित साहित्य वा साहित्यको जन्मदाता हो । जसका लागि लोकसाहित्यको अध्ययन अनुसन्धान गरी जगेर्ना गर्नु अति आवश्यक हुन आउँछ । लोकसाहित्य अन्तर्गत पर्ने एउटा विधा लोकगीत हो । लोकसाहित्य परम्परागत साहित्य वा लिखित साहित्यको जन्मदाता हो । लोकसाहित्य अन्तर्गत पर्ने कतिपय विधामध्ये लोकगीतलाई महत्त्वपूर्ण विधाका रूपमा लिएको पाइन्छ । सोहीकारण यसको अध्ययन गरी जीवन्त रूप दिन आवश्यक हुन आउँछ । लोकसाहित्य सँगसँगै लोकगीतको पनि उचित संरक्षण गर्न आवश्यक भएकोले प्रस्तुत अध्ययन पत्र औचित्यपूर्ण देखिन्छ ।

पर्वत जिल्ला अन्तर्गत कुश्मा क्षेत्र लोकगीत र लोकसाहित्यमा उर्वर क्षेत्र हो । उर्वर क्षेत्र भएर पनि हालसम्म यसका बारेमा विस्तृत अध्ययन अनुसन्धान कोही कसैबाट नभएकाले यस विषयमा अनुसन्धान गर्नु महत्त्वपूर्ण छ । प्रस्तुत अध्ययन कार्यले यस क्षेत्रमा प्रचलित लोकगीतको प्रकार र तिनले दिने सन्देशका बारेमा लोकगीतका अन्य अध्येता, अध्यापक र सर्वसाधारणलाईसमेत विस्तृत जानकारी दिने हुनाले यो अध्ययनको उच्च महत्त्व रहेको छ । भोलिका पुस्तालाई यो एउटा सन्दर्भ सामग्रीका रूपमा सङ्गृहीत हुने भएकाले यसको महत्त्व स्वतः प्रमाणित भएको भन्न सकिन्छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

कुश्मा क्षेत्र भनेको प्रदेश नं. ४ अन्तर्गत पर्वत जिल्लाको मध्य भागमा रहेको रमणीय क्षेत्र हो । यस क्षेत्रमा लोकसाहित्यका विविध विधाले मौलाउने, हुर्कने, फुल्ने र फल्ने अवसर पाएका छन् । प्रस्तुत अध्ययन पत्रमा लोकसाहित्य भित्रको लोकगीतको क्षेत्रबाहेक अन्य विधाको अध्ययन नहुनु यसको सीमा अन्तर्गत पर्दछ । त्यस्तै पर्वत जिल्लाका विभिन्न स्थलमध्ये कुश्मा क्षेत्रका मात्र लोकगीतको अध्ययन हुनु र पर्वतका अन्य क्षेत्रका लोकगीतको अध्ययन गर्न नसक्नु यसको सीमा हो ।

## १.९ सामग्री सङ्कलन र अध्ययन विधि

**कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको प्रस्तुत अध्ययन पत्रलाई पूर्ण रूप दिनका लागि विभिन्न तवरबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययन पत्रका लागि आवश्यक लोकगीतको सङ्कलन गर्न क्षेत्र कार्य विधिको प्रयोग गरिएको छ । यस्तै पूर्वकार्यको समीक्षा गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनलाई पूर्ण स्वरूप दिँदासम्म स्थानीय लोककलाकारसँग साक्षात्कार गरी सामग्री सङ्कलन गरिएको छ । यस्तै, आवश्यकता बमोजिम क्यामेरा, टेपरेकडर्रलगायतका आधुनिक उपकरणसमेत प्रयोग गरेर सामग्री सङ्कलन कार्यलाई पूर्णता दिइएको छ ।

प्रस्तुत **कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको अध्ययन गर्दा क्षेत्रकार्यका आधारमा सम्पन्न गरिने आगमनात्मक विधि प्रयोग गरिएको छ । यस्तै आवश्यकता बमोजिम कहीँ कतै वर्णन गर्नुपर्ने र विवरण लिनुपर्ने हुनाले वर्णनात्मक र विवरणात्मक शैलीको पनि प्रयोग गरिएको छ ।

## १.१० अध्ययन पत्रको सङ्गठन

प्रस्तुत विषयको अध्ययन पत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित पाँच अध्यायमा वर्गीकरण गरी पूर्णता दिइएको छ ।

पहिलो अध्याय - अध्ययन पत्रको परिचय

दोस्रो अध्याय - लोकसाहित्य र लोकगीतको सैद्धान्तिक परिचय

तेस्रो अध्याय - कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन र वर्गीकरण

चौथो अध्याय - कुश्मा क्षेत्रका लोकगीतको अध्ययन

पाँचौं अध्याय - उपसंहार तथा निष्कर्ष

क. सन्दर्भ सामग्री

ख. परिशिष्ट

दोस्रो परिच्छेद

# लोकसाहित्यको सैद्धान्तिक परिचय

## २.१ लोकसाहित्यको परिचय

'लोकृ' धातुमा 'धञ' प्रत्यय लागेर (लोक+धञ् (अ) लोक बनेको लोक शब्दको प्रयोग स्थान र लोक व्यवहारमा रमाउने सामान्य जनताका रूपमा भएको छ । 'सहित' शब्दमा 'यन' प्रत्यय जोडिएर बनेको साहित्य शब्दको अर्थ लोकहितकारी भावनाले युक्त लालित्यमय भावपूर्ण भाषिक कला भन्ने बुझिन्छ । अब लोकसाहित्य शब्दको अर्थ हुन्छ विशेष भू-खण्डमा बस्ने सामान्य जनताको हितकारी भावनायुक्त लालित्य तथा भावपूर्ण अभिव्यक्ति र अङ्ग्रेजीको फोक लिटरेचरको समानार्थी शब्द लोकसाहित्य हो (बन्धु, २०७१ : १३) । युगौंदेखि मौखिक वा श्रृतिपरम्पराबाट आउने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अलिखित साहित्य नै लोकसाहित्य हो । व्यक्ति विशेषको रचना भए पनि सामूहिक हुनु र अलिखित रूपमा लुकेर जनमानसमा रहि रहनु यसका पहिचान हुन् ।

साहित्यले समाजको चित्रण र समाजलाई पथप्रदर्शन गरिरहेको हुन्छ त्यसैले साहित्यलाई समाजको दर्पण र ऐना भनिन्छ । लोकसाहित्यमा जनताको जीवनशैली, इतिहासका तथ्य तथा लोकका दर्शन र विश्वास हुन्छन् । लोकसाहित्यलाई चिनाउने क्रममा विभिन्न विद्वान्ले विभिन्न परिभाषा दिएको पाइन्छ ।

अङ्ग्रेजी भाषाको Folk को समानार्थी शब्दको रूपमा लोक शब्दको प्रयोग गरिएको छ भने Literature को समानार्थी साहित्य भएर दुवै मिली Folk Literature वा लोकसाहित्य बनेको हो । आदिकालदेखि नै मौखिक वा श्रृतिपरम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको अपठित जनताको मौखिक अभिव्यक्ति र अलिखित साहित्य नै लोकसाहित्य हो (बन्धु, २०७१ : १३) । अङ्ग्रेजी शब्द Folk Literature को समानार्थी शब्द लोकसाहित्य हो । युगौंदेखि मौखिक वा श्रृति परम्पराबाट आउने अलिखित साहित्य नै लोकसाहित्य हो । व्यक्ति विशेषको स्थापना भएर पनि सामूहिक हुन अलिखित रूपमा हुर्केर जनमानसमा रहिरहनु हुन् ।

## २.२ लोकसाहित्यको परिभाषा

मौखिक परम्पराबाट विकसित भएको लोकसाहित्यलाई चिनाउने क्रममा विभिन्न विद्वान्ले आ-आफ्नो मत प्रकट गरेको पाइन्छ । विभिन्न विद्वान्ले दिएका लोकसाहित्यका परिभाषालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. "लोकले सजिलै बुझ्न र अनुभव गर्न सक्ने भाषा वा भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो" (थापा र सुवेदी, २०४१ : ३) ।

२. "लोकसाहित्य मुख्यतः अपठित समुदायको मौखिक रूपमा व्यक्त लोकज्ञान हो । वास्तवमा लोकसाहित्य त्यो हो, जसमा नेपालीको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ आफ्नैपनको शैली छ । अझ नेपाली साहित्यमा सत्यम्, शिवम्, सुन्दरम्को रूपमा नेपाली नृत्य, नेपाली लय, नेपाली सुर र नेपाली भावमा ढालिएको छ" ( जोशी, २०४१ : १९०) ।

३. "लोकसाहित्य त्यो हो जसमा रङ्गढङ्गको व्याख्या, नियन्त्रण तथा बन्धन कुनै पुस्तकले नगरेको होस्" (बन्धु, २०५८ : १२) ।


यसरी लोकसाहित्यलाई परिभाषित गर्दै लेखक अज्ञात रहेको एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने मौखिक साहित्य नै लोकसाहित्य हुन्छ । लोक पुस्तामा सदै जाने मौखिक साहित्य लोकसाहित्य हुन्छ । लोकसाहित्य सरल प्रकारको साहित्य हो । यसमा लोक जीवनका हाँसो, पीडा आदिको झझल्को पाउन सकिन्छ ।

## २.२ लोकसाहित्यको विधागत वर्गीकरण

लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ हो, लोकको साहित्य । यहाँ दुई शब्द छन्-'लोक' र 'साहित्य' । लोक शब्दले सामान्य जनता भन्ने बुझाउँछ । सामान्य जनताको साहित्य वा लोकको साहित्य नै लोकसाहित्य हो । यसको अङ्ग्रेजी समानार्थी शब्द फोक लिटरेचर हो । फोकको अर्थ ज्ञान अथवा सिक्नुपर्ने कुरा हुन्छ । यसरी फोक र लोर बनेको अङ्ग्रेजीको फोकलोर शब्दको अर्थ लोकसाहित्य हो । लोकसाहित्यलाई विभिन्न विद्वान्ले विभिन्न किसिमले वर्गीकरण गरेको पाइन्छ ।

चूडामणि बन्धुले लोकसाहित्यका विधामा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, उखान र टुक्का एवम् पहेली रहने कुरा उल्लेख गर्दै आख्यानको वर्गीकरणका आधार प्रस्तुत गरेका छन् (बन्धु, २०७१ : २७-३२) ।

कृष्णप्रसाद पराजुलीले लोकसाहित्यका प्रमुख विधा सात प्रकारका (लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक, उखान, टुक्का गाउँखाने कथा) उल्लेख गर्दै अभिव्यक्तिका आधारमा पद्यमूलक, गद्यमूलक र चम्पूमूलक गरी समेट्ने काम गरेका छन् भने प्रस्तुतिगत दृष्टिमा चार रूपमा (गेयकाव्य, अभिनयकाव्य, श्रव्यकाव्य र लोकोक्ति) वर्गीकरण गरेर सोही अन्तर्गत अन्य विधालाई समेट्ने काम गरेका छन् । अतः यहाँ भाषिक अभिव्यक्तिका आधारमा लोकसाहित्यका विविध विधालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :




यसरी विभिन्न विद्वान्‌ले यसका विधाको उल्लेख गरे तापनि लोकगाथा, लोककविता, लोककथा, लोकनाटक, लोकगीत, उखान टुक्का र गाउँखाने कथा आदिलाई मान्न सकिन्छ ।

प्रस्तुत अध्ययन पत्र कुश्मा क्षेत्रका लोकगीतको अध्ययनमा मात्र केन्द्रित भएकाले तिनैलाई आधार मान्दै लोकसाहित्यका विविध विधाको सङ्क्षेपमा चर्चा गरिन्छ ।

## २.३ लोकसाहित्यका विशेषता

लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइलाउने लोकको साझा सम्पत्ति हो । लोक भनेको कुनै देश राष्ट्र वा भाषिक क्षेत्रको जनसमुदाय हो । यसै

समुदायबाट जीवनका अनुभव, सुखदुःखका सुसेली र सुस्केरामा भिजेर विकसित हुँदै लोकसाहित्यको सिर्जना हुन्छ । जनमानसको आन्तरिक भावनाको सहज स्वस्फूर्त अभिव्यक्ति नै लोकसाहित्य हो, जसमा लोक मानसको भावात्मक अभिव्यक्त भएको पाइन्छ । कुनै विषयवस्तुमा पाइने खास गुण नै त्यसका विशेषता हुन् ।

लोकसाहित्यका विशेषतालाई चिनाउने क्रममा विभिन्न अध्येताले फरक-फरक मत अभिव्यक्त गरेका छन् । चूडामणि बन्धुले सामुदायिकता, पारम्परिकता, मौखिकता र गतिशीलता यसका विशेषता हुन् भनेका छन् । यसैगरी, अर्का अध्येता कृष्णप्रसाद पराजुलीले मौखिक परम्परा, सामूहिकता, काल्पनिकता, सरलता, सरसता तथा मनोरञ्जकता लोकसाहित्यका विशेषता हुन् भनेका छन् । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले लोकज्ञानको प्रवलता, सामूहिक सिर्जना, परम्परागत अनुसरण, मौखिक प्रकारता, संरचना अजटिलता, निरन्तर गतिशीलता र लोकप्रियता लोकसाहित्यका विशेषता भनेका छन् । यी सबै अध्येताका परिभाषालाई हेर्दा लोकगीतका विशेषतालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ ।

### २.३.१ मौखिक परम्परा

लोकसाहित्य परापूर्वकालदेखि नै मौखिक रूपमा हुर्कदै आएको साहित्य हो । यो पुस्तान्तरमा पनि मौखिक रूपमा हस्तान्तरित हुँदै आएको छ । लोकसाहित्य एक व्यक्तिको मुखबाट अर्को व्यक्तिको मुख हुँदै गाइँदै, सुनाइँदै, समय अनुसार परिवर्तन हुँदै, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने गर्छ । यो मौखिक रूपमा फुल्दै र विकसित हुँदै आएको छ यसैकारण मौखिक रूपमा हुर्कनु यसको विशेषता हो ।

### २.३.२ कल्पनाको प्रधानता

लोकसाहित्य औपचारिक र अनौपचारिक दुवै जनसमुदायको सरल अभिव्यक्ति हो । यो कथ्य परम्परामा आधारित हुने भएकाले कल्पना र भावनामा थपिँदै जान्छ । जुन लोक यथार्थको धरातलमा टेकेर सरलताका साथ अगाडि बढ्छ । जसमा काल्पनिकता बढी रहेको हुन्छ त्यसैले कल्पनामा बग्दै कथा रच्न र सुनाउन सक्छन् । असम्भव घटनाले पनि कल्पनाका माध्यमले सिर्जना गर्न सकिन्छ । अभिव्यक्तिगत रूपमा काल्पनिकताको महत्त्वपूर्ण भूमिका यसमा रहन्छ । लोकसाहित्यमा सबै पक्षको उत्तिकै सहभागिता रहेको हुन्छ । मानिस

मनमा उत्पन्न हुने उत्साह, रोदन, शोक, करुण आदि भाव लोकसाहित्यमा स्पष्ट भेट्न सकिन्छ । त्यसैले काल्पनिकता लोकसाहित्यको अर्को महत्त्वपूर्ण विशेषता हो ।

### २.३.३ गतिशीलता र परिवर्तनशीलता

लोकसाहित्य समयको प्रवाह अनुसार परिवर्तन भइरहन्छ । समयको परिवर्तनसँगै गतिशील हुँदै जान्छ । जस्तो बाल्यवस्थामा ताते-ताते भनेर हिँडाइएको बच्चा अल्ली बुझ्ने भएपछि आऊ-आऊ भनेर हिँडाउने गरिन्छ त्यसै गरेर मानव जीवनमा परिवर्तन आएजस्तै लोकसाहित्यमा पनि स्वाभाविक रूपमा परिवर्तन आउने गर्दछ । समयान्तरमा पहिलेका लोकगीत, लोककथा, लोकसाहित्य र अहिलेको लोकसाहित्यमा ठूलो परिवर्तन भएको हामीले पाउन सक्छौं । पुस्तान्तरमा लोकसाहित्य पनि रूपान्तरण हुँदै आइरहेको छ । लोकसाहित्य एक व्यक्तिद्वारा रचिने भए पनि यो लिखित भई स्थिर नहुने र सट्टामा मौखिक रूपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा, एक ठाउँबाट अर्को ठाउँमा, एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने हुँदा व्यक्ति स्थान र समय अनुसार परिवर्तशीलताको गुणले लोकप्रिय हुन्छ । त्यसैकारण समय अनुसार गतिशील हुनु र परिवर्तनशील हुनु लोकसाहित्यको विशेषता हो ।

### २.३.४ सरलता र स्वाभाविकता

लोकसाहित्यमा गतिशीलता मात्रै होइन, लोकसाहित्यमा समाजका जुनसुकै वर्गका व्यक्तिले बुझ्ने सरल शब्दको प्रयोग हुन्छ । झर्रा, कोमल शब्द र सरल शब्द विन्यासका वाक्य हुन्छन् । समाजको चालचलन, भेषभूषा संस्कृति र त्यहाँको जातीय बोलीचालीको स्थानीय रङ्गको स्वभाविक भाषाको प्रयोग हुन्छ । अभिव्यक्तिगत स्वतन्त्रता पनि लोकसाहित्यमा हुने गर्दछ । जसका कारण सिर्जना क्रममा कसैलाई कुनै बार बन्धन हुँदैन । लोकसाहित्यको शैली स्वच्छन्द र स्वतःस्फुर्त हुन्छ ।

लोकसाहित्य प्रस्तुतिमा स्वाभाविकता हुनाकै कारण सरल भएको हो । जहाँ लोकमा प्रचलित सरल भाषाको प्रयोग हुन्छ । जुनसुकै समुदाय, समाज, घर परिवारलाई सरल व्यवहार, चालचलन मन पर्छ यस्तै लोकसाहित्य पनि सरल भाषामा हुने भएकाले सबैका लागि प्यारो र प्रिय बन्न पुगेको हुन्छ । त्यो बनाउन चाहेर जर्बजस्त भन्दा पनि स्वाभाविक रूपमा सिर्जित हुन्छ । लोकसाहित्य लिखित साहित्यभन्दा सरल हुन्छ । पाठकलाई आनन्द र

सन्तुष्टि दुवै प्रदान गर्न सक्छ यसैकारण समयको गतिशीलता सँगसँगै लोकसाहित्यमा पाइने सरल र सहजपन यसको स्वाभाविक विशेषता हो भन्न सकिन्छ ।

### २.३.५ सामाजिक भावना

लोकसाहित्यको सिर्जना समाजकै लागि भएको हो । लोकसाहित्य भनेकै समाज हो त्यसैले यसमा सामाजिक भावना अभिव्यक्त हुन्छ । जीवनका भावना र कल्पना समाजका साझा सम्पत्ति हुन् । कुनै व्यक्तिको काल्पनिक सिर्जना समाजका व्यक्तिको भावनासँग मिलेको हुन्छ । जहाँ सामाजका सुख-दुःख, पीडा-व्यथा, हाँसो-आँसु आदिको अभिव्यक्ति भएको हुन्छ । यो म र मेरो भावनाबाट हामी र हाम्रो सामूहिक भावनामा सहज रूपले परिणत हुन्छ । रचनाकार जुनसुकै भए पनि हकदार र संरक्षक सिंगो समाज नै हुन्छ यसैले सामाजिक भावना लोकसाहित्यको अर्को विशेषता हो ।

### २.३.६ विषयगत विविधता

लोकसाहित्यले लोकजीवनका सम्पूर्ण कुरामा साथ दिन्छ । विषयवस्तुको अवस्था अनुसार आँसु-हाँसो, दुःख-सुख अथवा परिस्थिति र अवस्था अनुसार लोकजीवन अभिव्यक्त हुन्छ । संस्कृति, परम्परा, चाडपर्व, मेला उत्सवमा तत्-तत् भावअनुसार फरक-फरक लोकसाहित्य गुञ्जायमान हुन पुग्नु लोकसाहित्यको विषयगत विविधकताकै कारण हो । यसर्थ यसलाई अर्को विशेषता मान्न सकिन्छ ।

### २.३.७ सामूहिकता र मनोरञ्जनात्मकता

लोकसाहित्यले सामूहिक भावनालाई प्रतिनिधित्त्व गरेको हुन्छ । यसका विविध उपविधालाई हेर्दा कुनै पनि एकल विधाका रूपमा रहेको पाइँदैन । लोकसाहित्य लोकबाटै जीवन्तता पाउनुका साथै लोकसमाजद्वारा नै अनुप्राणित भएको हुन्छ । लोकसमाज सामूहिकतामा हुर्केको हुन्छ जसका कारण लोकसाहित्यमा सामूहिकता रहेको पाइन्छ । जस्तो, लोकगीत जसले गाए पनि त्यसमा निहित दुःख र उल्लासका स्वर समूहका स्वर भएर गुञ्जने गर्दछन् । लोकगीतले ऐना जस्तै गरी समाजका हरेक भावनात्मक र रागात्मक तस्वीरलाई देखाउने गर्दछ ।

लोकगीतले वहन गर्ने प्रेम, नम्रता, हाँसो, घृणा, रोदन जस्ता भाव व्यक्तिका नभएर समूहमा परिणत हुने हुँदा सामूहिकता पनि लोकसाहित्यको अर्को महत्त्वपूर्ण विशेषता हो । लोकजीवनमा थाकेको वेला हर्ष साथ चाडपर्व, कुनै संस्कार मेला, उत्सव, जात्रा आदिमा रमाएर आनन्द लिने कार्य नै मनोरञ्जन हो । जहाँ गीत, सङ्गीत, नृत्य, अभिनय, कथा, उपकथा आदिले असीमित मनोरञ्जन दिने गरेको पाइन्छ ।

यसरी मौखिक लोक हृदयको स्वतःस्फुर्त, लयात्मक अभिव्यक्ति आलाप वा रागात्मक अभिव्यक्ति नै लोकसाहित्य हो । समयान्तरले लोकसाहित्यका तत्त्वमा विद्वान्का पृथक धारणा आउनु स्वाभाविकै हो । मौखिक परम्परा, सरल, सहज र स्वाभाविकता, काल्पनिकता, सामूहिकता, गतिशीलता, लयात्मकता, स्वतन्त्रता र विषयगत विविधतालाई लोकसाहित्यका विशेषता हुन भनेर भन्न सकिन्छ ।

## २.४ लोकगीतको परिचय र परिभाषा

लोकगीत एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने चुड्किलो गेयात्मक विधा हो । लोकगीतमा लोक जीवनका दुःख, पीडा, हाँसो, खुसी आदि झल्किएको पाइन्छ । लोकगीतको रचनाकार अज्ञात हुन्छ । यो लोकसाहित्यको एक उत्कृष्ट र लयात्मक पद्य विधा हो । लोकगीतलाई चिनाउने क्रममा विभिन्न विद्वान्ले आ-आफ्नो परिभाषा प्रस्तुत गरेका छन् । ती परिभाषा निम्न छन् :

१. "जीवनका आइपर्ने समस्या र उत्सव जसमा पनि लोकगीतले नै आफ्नो भित्री हृदयलाई बहलाउँछन् अतः लोकगीत जीवनको हरेक क्षेत्रमा निकटमात्र नरहेर स्पर्शमा नै आइरहेको हुन्छ" (कर्मा, २०४५ : २१) ।
२. "काव्य सुलभ अभिव्यक्ति, हृदयग्राही भाव, हृदयपूर्वक शैली र कोमल पद रचनाले गर्दा लोककाव्यको प्रतिष्ठित आसन लोकगीतले पाएका छन । लोकगीत लोकले गाउने परम्परामा प्रचलित गीत हो । जुन अङ्ग्रेजी भाषाको फोकसङको पर्यायका रूपमा आएको पाइन्छ । लोकगीतलाई ग्रामगीत, जनगीत भन्ने गरिएको पाइन्छ" (पराजुली, २०५० : ६६) ।
३. "लोकगीत भनेको त्यो सङ्गीत वा गीत हो, जुन मातृभाषाका नाताले मानव समाजमा नैसर्गिक रूपले सुखदुःख, प्रमोद, हर्ष आदिबाट उदृत भई बाहिर प्रस्तुत हुने लयात्मक अभिव्यक्तिलाई लोकगीत भनिन्छ" (बन्धु, २०५५ : ११३) ।

४. “लोकगीत साहित्यको सबैभन्दा व्यापक र प्रिय अङ्ग हो । समसामयिक प्रसङ्ग होस् वा आफ्नो भावुकताबस उद्गारित होस् स्वच्छ, सहज आत्माबाट प्रष्फुटित कुनै पनि लोकको लय लोकगीत हो” (थापा र सुवेदी, २०५८ : ४७) ।

५. प्रकृतिको नितान्त नजिक रहने सामान्य जीवन जिउन सक्ने, सामान्य सामाजिकतामा सास फेर्ने अनि सामान्य कुन्ठा, कहाली, कहर र आफ्नो सामान्य हाँसो खुसीको रहर बोक्ने सामान्य लोकका यिनै स्वरूप मान्छे मान्छेका मनबाट फुटेर कण्ठ, मुखको बाटो, शब्द र स्वर बनेर वातावरणलाई रसिलो बनाउने गीत नै लोकगीत हो (अज्ञात, २०६७ : ३४) ।

लोकगीतको परिभाषा दिने क्रममा विभिन्न स्रष्टाले आफ्नै पाराले लोकगीतलाई चिनाएका छन् । कसैले लोकगीतमार्फत् जीवनका जुनसुकै समस्या सहज ढङ्गले व्यक्त हुन सक्छ भनेका छन् । कसैले प्रचुर गुदी भएको स्वादिलो रसिलो फल र पारिजात फूलको बास्नासँग लोकगीतलाई तुलना गर्न पुगेका छन् ।

ज-जसले लोकगीतको परिभाषा जसरी दिए पनि सबैको परिभाषालाई समष्टिगत रूपमा हेर्दा लोकगीत लोक हृदयबाट निस्केको सरल र सहज अभिव्यक्ति हो । यसबाट जीवनका जुनसुकै समस्या पनि सहज रूपमा उद्घाटन हुन्छन् । लोकगीत मीठो र स्वादिलो फल जस्तै हो ।

लोकगीत लोकजीवनका सरल हृदयका सहज अभिव्यक्ति हो । यसमा लोक जीवनका सुख, दुःख, पीडा, व्यथा आदि प्रस्तुत गरिएको हुन्छ । लोकगीत स्वतन्त्र रचना हो । यो एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने गर्दछ, जसले लय र तालका माध्यममा लोक जीवनका विविध पक्षको उद्घाटन गर्दछ ।

## २.५ लोकगीतका तत्त्व

अङ्ग्रेजी भाषाको लिरिकल पोइट्री नेपालीमा गीति कविता हुन्छ । संरचनागत र प्रस्तुतिगत दृष्टिले केलाउँदा गीतिकवितामा रहने तत्त्व लोकगीतमा पनि रहेका हुन्छन् । यस्तै, चूडामणि बन्धुले कथ्य, भाषा, चरन, स्थायी, अन्तरा, रहनी, लय, नृत्य र बाध्यलाई लोकगीतका तत्त्व भनेका छन् (बन्धु, २०७१ : ११५) । यसरी हेर्दा संरचना, लय, गेयता, कथनपद्धति, भाषा लोकगीतका प्रमुख तत्त्व हुन भने नृत्य, वाद्य आदि सहायक तत्त्वभित्र

पर्दछन् । विभिन्न अध्येताका विभिन्न तथ्यलाई आधार मानेर लोकगीतका तत्त्वलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

### २.५.१ संरचना

संरचना भनेको गीतको बनोट हो । मौखिक रूपमा गेयात्मकता आउने, सहज र स्वतः स्फूर्त हुने गरी कसिने र भनिने प्रक्रिया नै संरचना हो । संरचना बाह्य र आन्तरिक दुई तहमा भेटिन्छ । बाह्य संरचना गीतको आवरण तथा पहिरन हो । जुन वर्ण, शब्द, वाक्य, अनुच्छेद हुँदै सङ्कथनसम्म पुग्दछ । आन्तरिक संरचना वस्तुको सिलसिलेवर संयोजन गरिएको सारपूर्ण टुङ्ग्याउनी हो । बाह्य संरचना रूप हो भने आन्तरिक संरचना गीतको सार हो भन्न सकिन्छ ।

### २.५.२ लय

लय भनेको भाका हो । लोकगीतको गेयात्मक छन्दलाई लय भनिन्छ । लय विना लोकगीतको कल्पना गर्न सकिँदैन । लय विनाको लोकगीत सुवास विनाको फूल जस्तै हुन पुग्छ । लयमा आवद्ध पदावलीले नै गीतलाई भावनात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम गरिन्छ । लोकगीतका लय द्रुत, मध्यम र बिलम्य गरी तीन प्रकारका हुन्छन् ।

### २.५.३ गेयता

गेयता भनेको गाउन मिल्ने गुण हो । लयलाई गतिमयतामा पुऱ्याउने शैलीलाई गेयता भनिन्छ । यो लौकिक कष्ठद्वारा प्रकट हुन्छ । साधारण रूपमा लय र गेयता समान जस्तै देखिए पनि लय भनेको चरणबद्ध बनौट हो भने गेयता त्यसलाई श्रृति मनोहर बनाउने सुरिलो कथनशैली हो । गीतको चरणलाई, बनोटलाई भाका भनिन्छ भने गीतलाई सुरिलो र मनोहारिता बनाउने गेयता नै हो । लोकगीतमा छन्द वा लयलाई निर्वाह गर्दा विभिन्न वर्गहरूमा प्रयोजन अनुरूप गाउने, गति दिने कलात्मक प्रक्रिया भाका हो । भाका नै लोकगीतको गेयता हो । भाका द्रुत, मध्यम, बिलम्ब कुनै पनि हुन सक्छ त्यसैले लोकगीतको प्रमुख तत्त्व गेयतालाई मानिन्छ ।

### २.५.४ कथन पद्धति

मानिसलाई आफ्नो अनुभूति, विचार वा ज्ञानको सम्प्रेषण गर्न आवश्यक हुन्छ । आफ्नो मनका अनुभूति वा विचार जस्तोसुकै तरिकाबाट व्यक्त गर्न सकिन्छ । यसरी आफ्नो विचार अनुभूति अरू सामु व्यक्त गर्नु वा ल्याउनुलाई कथन पद्धति भनिन्छ । वर्णनात्मक, आख्यानात्मक, नाट्यात्मक आदि कुनै किसिमले आफ्नो अभिव्यक्ति दर्शक सामु राख्न सकिन्छ ।

लोकगीत एक्लै गाइने एकल वा दोहोरी रूपमा गाइने संवादात्मक कथन दुई थरी मिलेर गाइन्छ । यसैले समूह गायन वा एकल गायन जुनसुकै गीत भए पनि त्यहाँ कथन पद्धतिको आवश्यकता हुन्छ ।

### २.५.६ भाषा

भाषा लोकगीतको अर्को महत्त्वपूर्ण तत्त्व हो । लोकगीतको भाषा सरल, मौलिक र स्वतः स्फूर्त हुन्छ । अनावश्यक कृत्रिमता थपेको भाषा लोकगीतमा सुहाउँदैन । लोकजीवनले खारेको, पचाएको छरितो भाषाको प्रयोग हुने हुँदा लोकगीतमा प्रसाद गुण र माधुर्य स्वभाविक रूपमा पाइन्छ । गीतको संवाहक नै भाषा भएकोले भाषा विना गीत सम्भव छैन यसर्थ भाषा लोकगीतको महत्त्वपूर्ण तत्त्व हो ।

### २.५.७ भाव

लोकगीतको केन्द्रीय कथ्य वा आत्मा नै भाव हो । यसको सिर्जना कुनै घटना, परिवेश वा अन्तरक्रियाद्वारा हुन्छ । सरल, सुबोध्य भाषा र गेयात्मक प्रस्तुति लोकगीतको शरीर हो भने भावगत मर्म यसको आत्मा हो । घर-परिवार, समाज-संस्कृति, चेतन-अचेतन आदिका माझबाट अन्तरमनदेखि नै व्यक्त हुने संवेदनशील प्रतिक्रिया भाव बनेर हृदयलाई छुन्छ । गीतको श्रवण तथा गायनपछि मनभित्र जुन छाप बस्दछ त्यो नै भाव हो । भाव विनाको लोकगीत हुन सक्दैन । यसैले भावलाई लोकगीतको महत्त्वपूर्ण तत्त्व मानिन्छ ।

यसरी एउटा पूर्ण संरचनाको घर बनाउनका लागि जसरी विभिन्न अवयवको आवश्यक पर्दछ यस्तै गरेर एउटा पूर्ण, सफल र सवल गीत हुनका लागि विभिन्न अवयवको आवश्यक पर्दछ । तिनै अवयवलाई तत्त्व भन्ने गरिन्छ । माथि उल्लेख गरिएका यिनै र यस्तै तत्त्वले लोकगीतलाई जीवन्त बनाएको पाइन्छ ।

## २.६ लोकगीतका विशेषता

लोकगीत लोक जीवनको अन्तरहृदयबाट निस्केको स्वतःस्फुर्त अभिव्यक्ति हो । यस भित्र लोकमानसको आवरण छिपेको हुन्छ । समष्टिको मनबाट जन्मिने भएकाले लोकगीतका रचनाकार अज्ञात रहन्छन् । यसमा लोकजीवनका सुख-दुःख, हाँसो-पीडा, विरह-वेदना चित्रित हुन्छन् । कठोर हृदयलाई पनि छुनसक्नु यसको विशेषता हो । यसका विशेषतालाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

### २.६.१ अज्ञात रचयिताको सामूहिक भावना

लोकगीत मौखिक परम्पराबाट सर्दै र लोकले गाउँदै आउँछन् यसैले लोकगीतका रचयिता अज्ञात रहन्छन् । लोकगीतमा मुख्य महत्त्व रचनाकारको भन्दा गीतको हुन्छ । जसरी गीत गाउने गायक चर्चामा आउँछ, लेख्ने गीतकार ओझेलमा पर्दछ त्यसैले गर्दा लोकगीतका रचयिता अज्ञात हुन्छन् । प्रायः लोकगीतको निर्माण व्यक्ति विशेषबाट नभई समूहबाट गरिन्छ । यसमा सामूहिक विचार र भावना अभिव्यक्त भएको हुन्छ । लोकगीतमा सामाजिक मूल्य मान्यताको अभिव्यक्ति हुन्छ त्यसैले लोकगीत सामूहिक भावना बोक्ने अज्ञात रचयिताको सामूहिक भावना हो ।

### २.६.२ सरल र सहज प्रकृति

लोकगीतमा कुनै प्रकारको कृत्रिमता नभई वास्तविकता हुन्छ । यसमा लोक जीवनमा प्रयोगमा ल्याइएको भाषाको प्रयोग हुने भएकाले यो सरल र सहज हुन्छ । लोकगीतमा लोकजीवनका शब्द जस्तै किसानीसँग सम्बन्धित लोकगीत भयो भने, *धानको बाला, कोदाको कपना, दिनको कुरा रातीको सपना* जस्ता शब्दलाई लोकगीतमा अभिव्यक्त गरेको पाइन्छ । यस्तै गरी विछोडको सन्दर्भ छ भने, *दाइ त मेरो लाहुरै जानी, म त बैनी सम्झेर रोइरनी* जस्ता सरल र सहज प्रकृति लोकगीतमा पाइन्छ । यो लोकगीतको अर्को विशेषता हो ।

### २.६.३ परिवर्तनशीलता र उपदेशात्मकता

लोकगीत समय र स्थान अनुसार परिवर्तन हुँदै आउने गर्दछ । प्राचीनता, पारम्पारिकता, हस्तान्तरणीयता, मौखिकता आदि कारण लोकगीत समय-समयमा परिवर्तन

हुँदै जान्छ । यो मात्रै होइन, लोकगीतले लोकव्यवहार नीतिनियमका परिधि, अर्तिउपदेश र आचरण सिकाउने आदि उपदेश दिएको पाइन्छ यसैले गर्दा परिवर्तनशीलता र उपदेशात्मकता लोकगीतको प्रमुख विशेषता हो । हेरौं सोही विशेषताले भरिपूर्ण लोकगीतको एक टुक्रा :

*नखेल्नु जुवा र तास*
*धनको नास जीवनको वनीवास*
òòò òòò òòò
*गरे पौरख यही फल्छ सुन*
*नजाऊ विदेश पराइको दास हुन*
òòò òòò òòò
*देशको विकास हामीले गर्नु छ*
*विकास गरी अगाडि बढ्नु छ ।*

प्रस्तुत गीतलाई हेर्दा शुरूआतीका दिनमा जुवातास खेलेर बस्नेलाई नखेल्नका लागि अनुरोध गरिएको पाइन्छ । यस्तै, पछिल्लो समयको कालखण्डमा परदेश जान लागेका आम नेपालीको बाध्यतालाई लिएर गीत बनाइएको छ । यो समयको परिवर्तन सँगसँगै आएको लोकगीतको परिवर्तनशीलता हो । परिवर्तनशीलता सँगसँगै उपदेशात्मक अभिव्यक्त पनि आएको छ । जुवा, तास खेल्नु राम्रो होइन । यस्तै, यही बसेर देशको विकास गर्नुपर्छ भनिएको छ । यसर्थ लोकगीतको एक महत्त्वपूर्ण विशेषता परिवर्तनशीलता र उपदेशात्मकता हो ।

### २.६.४ लयात्मकता र सङ्गीतात्मकता

लोकगीतको अर्को विशेषता लय र सङ्गीत हो । लय र सङ्गीत विनाको लोकगीत हुन सक्दैन । लय विनाको, सङ्गीत विनाको लोकगीतले आफ्नो प्रभाव फैलाउन सक्दैन । लोकगीतमा लयात्मकता भएन भने पनि प्रभावकारी हुन सक्दैनन । लय मात्रै होइन, सङ्गीतात्मकता भएन भने पनि लोकगीतले प्रभाव पार्न सक्दैन । लय र सङ्गीत भएन भने त्यो लोकगीत हुन सक्दैन लोककविता मात्रै हुन पुग्छ सोहीकारण लयात्मकता र सङ्गीतात्मकता लोकगीतको अर्को विशेषता हो ।

### २.६.५ स्वच्छन्दता

लोकगीत स्वच्छन्द अभिव्यक्ति हो । कुनै काव्य शास्त्रीय बन्धन भित्र लोकगीतलाई अनुशासनमा राख्नुहुँदैन । लोकगीतमा रस, अलङ्कार, छन्द आदि सहज रूपमा आएको देखिन्छ । यसरी विभिन्न अलङ्कार र आभुषण लोकगीतमा जोडिएर आए तापनि तिनीहरूको बन्धनले लोकगीतलाई कस्नु हुँदैन । स्वतन्त्र रूपमा उन्मुख तिख्खर अभिव्यक्ति नै लोकगीतको प्रमुख विशेषता हो जस्तैः

*घरता मेरो पातीले बारेको*
*रुदै हिँड्न कर्मले पारेको ।*
*ढुङ्गे धारामा*
*तिमीलाई मन पर्‍यो संसार सारामा ।*

### २.६.६ मौखिक परम्परा

नेपाली लोकगीतको विकास र विस्तार मौखिक परम्पराको माध्यमबाट भएको हो । यसलाई अशिक्षित लोक समुदायले नै जीवित राखी एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्दै आएको पाइन्छ । पठित व्यक्तिले लेखेर गीतलाई लिपिबद्ध गर्ला तर जो ग्रामीण अपठित जनसमुदाय छ त्यसले गीतलाई व्यक्त गर्ने सञ्चित गर्ने र हस्तान्तरण गर्ने माध्यम भनेको मौखिक अभिव्यक्ति मात्रै हो । यसर्थ मौलिक परम्परा लोकगीतको अर्को विशेषता मानिन्छ ।

### २.६.७ जीवनका विविध पक्ष उद्घाटन गर्नु

लोकगीतले जीवनका दुःख-सुख, हर्ष-विस्मात, विरह-वेदना, मिलन-विछोड, सम्झना-विर्सना, मायाप्रिती, यौवनका तरङ्ग सबै समेटेको पाइन्छ । अरू पुग्न नसकेको ठाउँमा कवि पुग्छन् भन्ने उखान पनि प्रचलनमा छ त्यसैले जीवनका विविध पक्ष यसमा उद्घाटन भएका हुन्छन् । यसरी लोकगीतले नसमेटेको र नछोएको जीवनको कुनै पनि पक्ष छैन । यसर्थ लोकगीतको अर्को विशेषता जीवनका विविध पक्षलाई उद्घाटन गर्नु पनि हो ।

### २.७ लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको उत्कृष्ट विधा हो । लोकगीत लोकमानसका हृदयबाट निस्केका सुमधुर आवाज हुन् । यी गीतको अभिव्यक्तिमा विविधता पाइन्छ । तिनै

विविधतालाई लोकगीतको वर्गीकरण भनिन्छ । लोकगीतलाई वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्ले आ-आफ्नो धारणा व्यक्त गरेको पाइन्छ । चूडामणि बन्धुका अनुसार नेपाली लोकसाहित्यमा लोकगीतलाई सहभागिताका आधारमा, लय र भाकाका आधारमा, प्रकार्यका आधारमा वर्गीकरण गरेका छन् । उनको वर्गीकरण अनुसार प्रकार्यको आधारलाई विशेष प्राथमिकता दिएको पाइन्छ (बन्धु,२०७१ : २१२-१२४) । यस अन्तर्गत लोकगीतलाई निम्नलिखित तरिकाले उल्लेख गर्न सकिन्छ :

१. धार्मिक गीत,

२. अनुष्ठानमूलक तथा संस्कार गीत,

३. ॠतुकालिन तथा पर्वगीत,

४. श्रम गीत ।

यसैगरी, अर्का लोकसाहित्यका अध्येताद्वय धर्मराज थापा र हंसपुरे सुवेदीले पनि लोकगीतलाई आफ्नै तरिकाले वर्गीकरण गरेको पाइन्छ (थापा र सुवेदी, २०४१ : ९४) । थापा र सुवेदीका लोकगीतका वर्गीकरणका आधार निम्नानुसार रहेका छन्,

१. सामान्य गीत,

२. संस्कार गीत,

३. कर्म गीत,

४. ॠतु वा व्रत सम्बन्धी गीत,

५. लोक वा श्रव्य गीत,

६. विविध गीत,

७. पर्वगीत ।

यस्तै, अर्का अध्येता कालीभक्त पन्तले लोकगीतलाई आफ्नै ढङ्गले वर्गीकरण गरेका छन् । उनको वर्गीकरण अनुसार लोकगीतलाई निम्नानुसार नौ प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।

१. जिल्लास्तरीय गीत,

२. राष्ट्रस्तरीय गीत,

३. ग्राम गीत,

४. जातिस्तरीय गीत,

५. जाति भाषास्तरीय गीत,

६. कार्यस्तरीय गीत,

७. ऋतुस्तरीय गीत,

८. लोकनाट्यस्तरीय गीत,

९. पर्वस्तरीय गीत

यसरी विभिन्न विद्वान्का परिभाषालाई हेर्दा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीत यिनै र यस्तै प्रकृतिका रहेको पाइन्छ । प्रस्तुत अध्ययन कुश्मा क्षेत्रका लोकगीतमै केन्द्रित रहेको छ । कुश्माका लोकगीतको अध्ययन कार्यलाई सहज बनाउन लोकगीत अध्येता चूडामणि बन्धुको वर्गीकरण उपयुक्त देखिन आएकाले कुश्माका गीतलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गरिएको छ ।

धार्मिक गीत

पर्व गीत

कर्म गीत

संस्कार गीत

बाह्रमासे गीत ।

यसरी अध्येता बन्धुको वर्गीकरणका आधारमा कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन यसै अध्ययन पत्रको चौँथो परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## २.८ निष्कर्ष

जनमानसले भोगेको भोगाई, अनुभव र अनुभूति नै लोकसाहित्य भएकाले लोकसाहित्यलाई लोक जीवनको ऐना मानिन्छ । लोकसाहित्यमा जीवनको यथार्थ चित्रण हुन्छ । निरक्षर जनताको भोगाई, जन्मदेखि मृत्युसम्मका सन्दर्भ यसमा समावेश हुन्छन् । लोकसाहित्यले मनलाई हलुका बनाउँछ । यो अलिखित जीवन्त इतिहास हो । लोकसाहित्य र लोकगीत सम्बन्धि विभिन्न अध्येताका परिभाषालाई अध्ययन गर्दा लोकसाहित्य मानव सभ्यता, संस्कृति, ज्ञान र विज्ञानको आधार हो यसर्थ लोकसाहित्यलाई अपठित मानवको सुखदुःखको साथी मान्न सकिन्छ ।

तेस्रो परिच्छेद

# कुश्मा क्षेत्रको सङ्क्षिप्त चिनारी

## ३.१ कुश्मा क्षेत्रको परिचय र भौगोलिक स्थिति

नेपालको प्रदेश नं. ४ अन्तर्गत पर्वत जिल्लाको कुश्मा क्षेत्र कुश्मा नगरपालिकामा पर्दछ । समुन्द्री सतहदेखि ८८५ मिटरको उँचाइमा अवस्थित कुश्मा क्षेत्र रमणीय स्थल हो । विश्व मानचित्रमा २८° १२' उत्तरी अक्षांशमा ८३° ४०' पूर्वी देशान्तरमा पर्दछ । पर्वत जिल्लाको सदरमुकाम कुश्मा नगरपालिका हो । कुश्माको मुख्य व्यापारिक केन्द्र शिवालय चोक हो । जुन समुन्द्र सतहबाट झन्डै ९५३ मिटर उँचाइमा छ । साविकका सातवटा गाउँ विकास समिति मिलेर हालको कुश्मा नगरपालिका बनेको हो । पोखराबाट ५७ किलोमिटरको दूरीमा रहेको कुश्मालाई पर्वत जिल्लाको सदरमुकाम भएका कारणले पनि प्रमुख व्यापारिक केन्द्रका रूपमा हेरिन्छ । समथर धरातलीय स्वरूप वरिपरि भिरपाखा, वनजङ्गल, खोलानाला र प्राकृतिक सम्पदाले भरिएको एक रमणीय स्थल हो । समुन्द्री सतहदेखि ८८५ मिटरको उँचाइमा अवस्थित यो कुश्मा नगरपालिकाको कुश्मा क्षेत्र निकै मनोहर रहेको छ ।

अविछिन्न रूपमा सुसेली हाल्दै बहने मोदी र कालीगण्डकी नदी यस ठाउँका अनुपम् सुन्दरताका नमूना हुन् । त्यसैगरी यस जिल्लाको पूर्वमा मोदीखोला र पञ्चासे, पश्चिममा गुप्तेश्वर गुफा, उत्तरमा दुर्लुङकोट र दक्षिणमा मोदीवेनी रहेका छन् । यिनीहरूको मध्य भागमा कुश्मा क्षेत्र रहेको छ । यस क्षेत्रमा हरिया वनपाखा विविध पशुपंक्षी, वन्यजन्तु हरियाली सुन्दरता प्रदान गरिरहेको ऐतिहासिक, धार्मिक, सामाजिक र प्राकृतिक दृष्टिले महत्त्वपूर्ण सम्पदा पाइन्छन् । यस क्षेत्रको धार्मिक, ऐतिहासिक तथा प्राकृतिक स्रोतका साथै साहित्यका दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ ।

धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको मोदीवेनी दिव्यथान, गुप्तेश्वर गुफा, कुश्मा-ज्ञादी झोलुङ्गे पुल, अलपेश्वर गुफा यहाँका मुख्य पर्यटकीय आकर्षण हुन् । यसको क्षेत्रफल ९३.१८ वर्ग किलोमिटर छ । पर्वत जिल्लाको उर्वर र समथर भूमिका रूपमा रहेको कुश्मा क्षेत्रमा विभिन्न किसिमका मठ मन्दिर रहेका छन् । जहाँ टाढा-टाढाका मानिस देवीदेवताको दर्शन गर्नका लागि मोदीवेनी, गुप्तेश्वर गुफामा जाने गर्दछन् । यस क्षेत्रमा भिन्न-भिन्न ठाउँबाट मानिस पर्यटकको रूपमा भित्रिरहेका छन् । यस क्षेत्र प्राकृतिक

सौन्दर्यका दृष्टिले पनि रमणीय रहेको छ । यसको पूर्वमा मादी गाउँपालिका कास्की र स्याङ्जा जिल्ला पर्दछन् भने पश्चिममा बाग्लुङ जिल्ला पर्दछ, यसको उत्तरी सीमामा जलजला गाउँपालिका र दक्षिणमा फलेवास नगरपालिका पर्दछन् ।

### ३.२ कुश्मा क्षेत्रको समाज र संस्कार

कुश्मा क्षेत्रमा गुरुङ, क्षत्री, ब्राह्मण, नेवार, मगर, घर्ती, कामी, दमाई, मुस्लिम, थकाली, कुमाल, माझी, ठकुरी, सन्यासी, बोटे, तामाङ, राई, थारु, यादव, लिम्बु, तेली, हजाम, हलुवाइलगायतका जातजाति रहेका छन् । यी सबै जातजाति गरेर यस क्षेत्रमा पाँच हजार एक सय ४१ जना जनसंख्या रहेको पाइन्छ । यी विभिन्न जातजातिमध्ये कुश्मा क्षेत्रमा नेवार र ब्राह्मण जातिको बाहुल्यता पाइन्छ । साथै, यस क्षेत्रमा यातायातको सुविधाका कारणले रोजगारीबाट फाइदा उठाउन अस्थायी बसोबास गरेर पेशा व्यवसाय गर्ने बासिन्दाको सङ्ख्या पनि बढ्दो छ । यहाँका प्रायः मानिस विभिन्न पेशा व्यवसायमा संलग्न भएको भए तापनि केही मानिस कृषि कार्यमा लागेको पाइन्छ ।

कुश्माका आदिवासीमा नेवार समुदाय पर्दछन् । जमिनको बढ्दो मूल्यका कारण नेवार जाति विस्तारै कुश्माबाट विस्थापित हुँदै जान थालेका छन् । उनीहरू यहाँको जग्गा बेचेर पोखरा, चितवन, काठमाडौंतिर जाने क्रम बढ्दो छ । यहाँ बसाइँ सरेर आउनेमा प्रायः मगरको बाहुल्यता पाइन्छ । अरू जातजाति पनि कोही पहिलेबाट यहीँ भएका र कोही अहिले बसाइँ सरी आएका छन् । उनीहरू आ-आफ्नो जातीय संस्कार र परम्परालाई अनुसरण गर्दै आएका छन् ।

धार्मिक दृष्टिले हिन्दू, बौद्ध, मुस्लिम, धर्मावलम्बी रहेको यस क्षेत्रमा हिन्दूहरूको सङ्ख्या बढी रहेको छ । धर्म अनुसारका संस्कृति एवम् चाडपर्वमध्ये हिन्दू धर्मावलम्बीले दसैं, तिहार, बौद्धले ल्होसार, बुद्ध पूर्णिमा तथा मुस्लिमले इस्लाम र इद पर्व विशेष उल्लासका साथ मनाउने गरेको पाइन्छ । धार्मिक सहिष्णुता भएका कारण एकअर्कामा अत्यन्त सहयोगी भावना यहाँका मानिसमा देखिन्छ ।

सबैले आ-आफ्नै जातीय संस्कार र परम्परालाई अनुसरण गर्दै आएका छन् । मगर, गुरुङ जातिमा कौडा, घाटु, सोरठी, चुड्का नाच आकर्षक छन् । बाहुन क्षत्रीमा बालन, भजन, चुड्का, रोइलाजस्ता नाचगान पाइन्छ । यहाँका मूल बासिन्दा नेवार जातिमा गाईजात्रा, कृष्णजात्रा, लाखेजात्रा, रोपाइँजात्रा, तामःयचा नृत्य आदि पाइन्छ । विवाहमा

गाइने रत्यौली सबै जातजातिको साझा गायन तथा नृत्य हो । यस्ता नाच तथा जात्रामा सबैले आ-आफ्ना परम्परागत पोशाक पहिरने गर्दछन् । यस क्षेत्रको मूल बजार कुश्मा र विकासका प्रशस्त अवसर रहेकाले सदरमुकाम एवम् सम्पूर्ण सरकारी कार्यालय रहेका छन् । यहाँको जीवनस्तर पनि अपेक्षाकृत उच्च र सामाजिक अवस्था पनि विकसित भएका कारण अन्यत्रबाट बसाइसराइ गरी आउने मानिसको सङ्ख्या दिनप्रतिदिन बढ्दै गएको पाइन्छ । जनसङ्ख्या बढ्दै जाँदा खेतीयोग्य जमिन नासिँदै जान थालेको छ । जे जसरी विकास र प्रविधिले फड्को मार्दै छ त्यसै गरेर यहाँको मुहारमा पनि चमकता थपिदैं आएको छ । यसैकारणले यहाँको समाजमा सभ्य र सुसंस्कृत संस्कार रहेको पाइन्छ ।

## ३.३ कुश्मा क्षेत्रको आर्थिक स्थिति

कुश्मा क्षेत्र जसरी सामाजिक र संस्कृतिक विविधताले भरिएको क्षेत्र छ । त्यसै गरेर आर्थिक, शैक्षिक र राजनीतिक हिसाबले पनि सबल, समृद्ध र सक्षम छ । यस क्षेत्रका अधिकांश मानिसको आर्थिकस्तर मध्यम खालको छ । यहाँको आयस्रोतका रूपमा सरकारी तथा गैरसरकारी निकायमा जागिरे, व्यापारी, मजदुरी, वैदेशिक रोजगारी जस्ता अर्थोपार्जनका माध्यम रहेका छन् । कुश्मामा ठूला खालका उद्योग कलकारखाना छैनन् । तापनि ग्रामीण क्षेत्रमा हुने सामान्य कृषि व्यवसाय पनि आम्दानीको मनग्ये स्रोत बनेको देख्न र पाउन सकिन्छ ।

यही भू-भागबाट बग्ने मोदी र कालीगण्डकी नदीको ढुङ्गा बालुवा, गिट्टी, माछा यहाँका प्राकृतिक स्रोतबाट हुने आम्दानी हुन् । स-साना उद्योगमा ग्रील उद्योग, ब्लक उद्योग, फर्निचर उद्योग, चाउमिन उद्योग, कुटानी-पिसानी मिल, चिउरा मिल, भाँडा उद्योग आदि यहाँका आयस्रोतका माध्यम बनेका छन् । यिनै उद्योगमार्फत् केही व्यक्तिलाई रोजगारी तथा आयस्रोतको माध्यम बनेको छ । पर्वत जिल्लाको मुख्य क्षेत्र कुश्मा भएकाले यहाँ सरकारी र प्राइभेट बैंक १५ वटा रहेकाले दैनिक आर्थिक कारोबार गर्नका लागि कुश्मावासीलाई सजिलो भएको पाइन्छ । यसका साथसाथै रोजगारीको अवसर पनि सिर्जना भएको पाइन्छ ।

## ३.४ कुश्मा क्षेत्रको राजनीतिक स्थिति

देशमा समयको कालखण्डमा आएका विभिन्न परिवर्तन सँगसँगै कुश्मा क्षेत्रको राजनीतिक स्थितिमा पनि परिवर्तन आएको पाइन्छ । २०७२ सालको संविधान अगाडि

कुश्मा क्षेत्र साविकको निर्वाचन क्षेत्र १ रहेको थियो । पछिल्लो सङ्घीय संरचना अनुसार हाल कायम गरिएका सात सय ४४ स्थानीय तह अन्तर्गत कुश्मासमेत एउटा नगरपालिका रहेको छ । हाल कुश्मा नगरपालिकालाई १४ वडामा विभाजन गरिएको छ । यस क्षेत्रमा पनि राज्य सञ्चालनमा पहिलो तहमा देखिने नेपाल कम्प्युनिष्ट पार्टी एमाले, माओवादी र नेपाली काँग्रेसलगायतका तीन दल क्रियाशील रहेको पाइन्छ । विभिन्न राजनीतिक दलका भातृसङ्गठनको सञ्जाल तथा सङ्गठन रहे तापनि राज्य र स्थानीय सरकार सञ्चालनमा प्रत्यक्ष प्रभाव पार्नसक्ने दलका रूपमा यिनै तीन दल देखिन आएका छन् । यसका साथसाथै, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल मजदूर किसान पार्टी, नयाँ शक्ति पार्टी, विवेकशील साझा पार्टीलगायतका नयाँ पुराना दर्जन बढी सङ्ख्यामा राजनीतिक दलको उपस्थिति देखिन्छ ।

## ३.५ कुश्मा क्षेत्रको शैक्षिक स्थिति

यस्तै कुश्मा क्षेत्रको शैक्षिक स्थितिलाई हेर्दा कुश्मालाई शैक्षिक हिसाबले समृद्ध क्षेत्रका रूपमा पाउन सकिन्छ । यस क्षेत्रमा सबै जनतालाई पायक पर्ने गरी आवश्यकता अनुसारका आधारभूत, माध्यमिक र उच्च माध्यमिक सबै तहका शैक्षिक सङ्घसंस्था सञ्चालनमा छन् ।

सङ्ख्यात्मक रूपमा कुश्मा नगरपालिकाभित्र १७ वटा सामुदायिक तथा संस्थागत विद्यायल रहेका छन् । यसैगरी, सात वटा संस्थागत माध्यमिक विद्यालय रहेका छन् । यस क्षेत्रका उक्त विद्यालयमध्ये तीन वटा विद्यालयमा स्नातक तहसम्मको पढाइ सञ्चालन हुँदै आएका छन् । शैक्षिक विकास पनि यहाँ अत्यधिक भएको पाइन्छ । यस क्षेत्रको साक्षरता दरको कुरा गर्नुपर्दा नेपाल सरकारको साक्षर अभियान अन्तर्गतको प्रभाव यस क्षेत्रलाई पनि परेको पाइन्छ ।

१६ वर्षदेखि ६० वर्षसम्मका ९५ प्रतिशत मानिस पूर्ण साक्षर भएको क्षेत्रका रूपमा कुश्मा क्षेत्र साक्षर घोषणा भइसकेको छ । जातीय विविधता भए पनि विविधतामा एकता यस क्षेत्रको विशेषता हो । प्राकृतिक, धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिकोणले मात्र नभई यस क्षेत्र शैक्षिक दृष्टिकोणले पनि अग्रपङक्तिमा रहेको छ । जातीय विविधताका कतिपय लोकसंस्कृतिक भिन्नता देखिए पनि धार्मिक सहिष्णुता व्याप्त रहेका कारण लोक सांस्कृतिक र धार्मिक एकता कायम रहेको पाइन्छ ।

पर्वत जिल्लाको मुटुका रूपमा हेरिने कुश्मा क्षेत्रमा विभिन्न व्यक्ति शैक्षिक उन्नयनका लागि क्रियाशील हुँदै आएका छन् । जसका कारणले गर्दा पनि यहाँको साक्षरता दर उच्च रहेको छ । पूर्ण साक्षर क्षेत्रका रूपमा परिचित छ । दिनप्रतिदिन जसरी कुश्मा क्षेत्रको जनघनत्व बढ्दै गएको छ । यहाँको आर्थिक, शैक्षिक र राजनैतिक घनत्व पनि बढ्दै गएको छ जसका कारण कुश्मा क्षेत्र एक सबल, सक्षम नगरपालिकाका रूपमा रहेको आँकलन गर्न सकिन्छ ।

### ३.६ कुश्मा क्षेत्रको साहित्यिक स्थिति

पर्वत कुश्मा क्षेत्रमा साहित्यिक अवस्थालाई नियाल्दा लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीतले बढी लोकप्रियता हासिल गरेको पाइन्छ । अन्य साहित्यिक गतिविधिमा गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयको **सगुन** त्रैमासिक, सरस्वती शर्मा जिज्ञासुको **नवमाधुरी** त्रैमासिक साहित्य पत्रिका, राजेन्द्र पहाडीको **समुदाय र सिर्जना** मासिक पत्रिका, इन्द्रकुमार विकल्पको **कालीको सुसेली** त्रैमासिक साहित्यिक पत्रिका प्रकाशन हुँदै आएको पाइन्छ । जसका माध्यमबाट यस क्षेत्रको लोकसाहित्य र साहित्यलाई उँचाइमा पुऱ्याउनका लागि टेवा पुगेको आँकलन गर्न सकिन्छ । यसैगरी, पछिल्लो समय शान्तिनारायण श्रेष्ठका विषयमा लेखिएको बृहत् समालोचना कृति पनि यस क्षेत्रबाट प्रकाशन भएको पाइन्छ ।

विभिन्न सामाजिक सङ्घसंस्था, साहित्यक सङ्घसंस्था, राजनैतिक सङ्घसंस्था लगायत विद्यालयले आफ्नो संस्थाको हैसियत अनुसार समय-समयमा साहित्यिक कृति, बुलेटिन स्मारिका प्रकाशन गरेर कुश्मा क्षेत्रको साहित्यलाई समृद्ध बनाएको पाउन सकिन्छ । यसका साथसाथै, पछिल्लो समय पर्वत महोत्सवका नाममा कला, साहित्य र सङ्गीतको उत्थानका लागि पर्वत उद्योग वाणिज्य सङ्घ क्रियाशील हुँदै आएको देख्न सकिन्छ ।

यसरी, कुश्मा क्षेत्रको साहित्यलाई उँचाइमा पुऱ्याउन सबै आ-आफ्नै किसिमको साहित्यिक अभियानमा जुटेका छन् । विद्यालयले प्रकाशन गर्ने स्मारिका आदिमा पनि साहित्यिक रचना देखा पर्न थालेका छन् । सहकारी, माइक्रो फाइनान्सले प्रकाशन गर्ने मुखपत्रमा पनि केही साहित्यिक वान्की पाउन सकिन्छ ।

प्रस्तुत अध्ययन पत्रमा कुश्मा क्षेत्रमा पाइने लोकगीतको वर्गीकरण गरी अति लोकप्रिय तथा बहुप्रचलित, दोहोरी, भजन, बाह्रमासे, असारे, दाइँ गीतको सङ्कलन र विश्लेषण गरिएको छ । यस अध्ययन पत्र तयार पार्ने क्रममा यस क्षेत्रका गीत गाउन रङ्ग

मान्ने व्यक्तिसँग प्रत्यक्ष रूपमा भेटघाट, कुराकानी र छलफल गरी गीत गाएको अवसर पारेर सङ्कलन गरिएको छ ।

विभिन्न समयमा निर्माण हुने लोकगीतका म्यूजिक भिडियो, वृत्तचित्रलगायतले पनि कुश्माको साहित्यिक गतिविधिलाई अगाडि बढाएको पाउन सकिन्छ । यस्तै, यस क्षेत्रमा क्रियाशील बाबुनानी, युवायुवती, आमाबुबा आवद्ध भएका उनीहरूका सङ्गठन, बालक्लब, युवाक्लब, आमासमूह, बाबासमूह, भजन टोलीलगायतका संस्थाले साहित्यिक गतिविधि सञ्चालन गरेर कुश्मा क्षेत्रलाई साहित्यका क्षेत्रमा धनी बनाउन क्रियाशील छन् । सोही कारण प्रस्तुत अध्ययन पत्रमा कुश्मा क्षेत्रका लोकगीतको अध्ययन गरेर त्यसलाई टेवा पुऱ्याउने जमर्को गरिएको छ ।

## ३.७ निष्कर्ष

पश्चिमाञ्चल विकास क्षेत्रको धवलागिरि अञ्चलमा पर्ने कुश्मा पर्वत जिल्ला अन्तर्गतको एक नगरपालिका हो । यस ठाउँको भौगोलिक स्थितिलाई हेर्दा चारैतिर डाँडाकाँडा, खोला अनि सुन्दर प्राकृतिक दृश्यले भरिएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण भएकाले निउरो, टुसा, तुलसी जस्ता साना वनस्पति, साल, सिसौं, पैयूँ, वर, पिपल, सिमलको रुख, निवारो, चिराँइतो आदि वनस्पति र च्याउ पाइन्छ । यस्तै मृग, हरिण, बाघ, स्याल, कालिज, परेवा, सुगा, गौथली, भँगेरा जस्ता पशुपंक्षी पाइन्छन् । यस क्षेत्रको समाज र संस्कारको सन्दर्भमा सबै जातजाति मिलेर बसोबास गर्दछन् । यहाँ ब्राह्मण, गुरुङ, मगर, सार्की, दमाइका आफ्नै संस्कार र चाडपर्व रहेका छन् । यहाँ तीज, तिहार, जनै पूर्णिमा, दसैं, ल्होसार, पुसे पन्ध्र, होली, कुल पूजा, चैते दसैंलगायतका विविध चाडपर्व मनाइन्छ ।

समग्रमा विविध लोक संस्कृतिले भरिएको यस क्षेत्रमा पर्यटकको सङ्ख्या अझ बढाउनका लागि विभिन्न कदम चाल्नु आवश्यक देखिन्छ । यहाँ पुग्नका लागि बाटो निर्माण, सञ्चारको सुविधा, अस्पताल निर्माण राम्रो शिक्षाको सक्दो प्रयास उल्लेख्य प्रयास गरिरहेका छन् । आगामी दिनमा स्थानीय सरकारले उचित बजेट छुट्याएर यस क्षेत्रको विकासका लागि विभिन्न पूर्वाधार खडा गर्नुपर्ने देखिन्छ ।

चौथो परिच्छेद

# कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन

## ४.१ विषय परिचय

लोकगीत मानव हृदयबाट निस्कने वास्तविक आवाज हो । यसले एकैछिन भए पनि मानिसका पीर, मर्का, पीडा, व्याथा आदिलाई भुलाउने गर्छन् । यसमा लोकजीवनका विभिन्न पक्षको चित्रण गरिएको हुन्छ । लोकगीत सुन्दैमा मन आनन्दित हुने सुरिलो कण्ठबाट उद्गार हुने एक गेयात्मक विधा हो । विशेषगरी नेपालका धवलागिरि र गण्डकी अञ्चल लोकगीतका लागि अत्यन्त चर्चित स्थल हुन् । लोकगीत अन्तर्गत यस क्षेत्रमा ठाडो भाका झनै चर्चित छन् । लोकगीत जीवनका जस्तोसुकै घटना वा उत्सवमा गाइने गीत हो । यसैकारण कुश्मा क्षेत्रमा विभिन्न उत्सव, परिस्थिति र परिवेश अनुसारका लोकगीत गाउने गरेको पाइन्छ ।

यसरी यस क्षेत्रमा गाइएका गीतलाई गीतको विषयवस्तु, गीत गाइएको समय र परिस्थिति अनुसार निम्न प्रकारले वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

**धार्मिक गीत** | **पर्वगीत** | **कर्म गीत** | **संस्कार गीत** | **अन्य बाह्रमासे गीत**

## ४.२ धार्मिक गीत

धार्मिक पूजाका अवसरमा गाइने गीतलाई धार्मिक गीत भनिन्छ । धार्मिक गीतलाई प्रार्थना गीत वा अनुष्ठानमूलक गीतका रूपमा पनि लिन सकिन्छ । नेपालमा विभिन्न क्षेत्रमा प्रचलित मागल, फाँग, धमारी, भोलाउलो, पडेली, चुड्किलो भजन, आरती धार्मिक गीत हुन् (न्यौपाने, २०७० : ३०) । लोकदेवता र शास्त्रीय देवीदेवतासँग सम्बद्ध भक्तिपरक तथा धार्मिक गीत मैथली समाजमा प्रचलित छन् । शास्त्रीय देवीदेवतासँग सम्बद्ध गीतमा नचरी प्रसिद्ध छ । शिव र पार्वतीसँग सम्बद्ध महेशवाणी कालीको गीत, हनुमानको गीत तथा रास जस्ता कृष्ण लीलासँग सम्बद्ध गीत पनि छन् (बन्धु, २०७१ : १२२) । यसरी धार्मिक गीतमा पूजा गरिएका देवदेवीको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ ।

धार्मिक गीत अन्तर्गत भजन, आरती, प्रभाती भजन, चुट्का, लम्बरी भजन जस्ता धार्मिक गीत रहेका छन् । कुश्मा क्षेत्रमा पनि यी र यस्तै गीत प्रचलनमा रहेका छन् । यस क्षेत्रमा प्रचलित धार्मिक गीतको चर्चा निम्नानुसार गर्न सकिन्छ ।

### ४.२.१ भजन

धर्मपरायण नेपाली जनता आफ्ना घरमा सत्यनारायण, भगवान् वा अरू कुनै पूजा सम्पन्न गरेपछि रातभरि बत्ती बालेर जाग्राम बस्छन् । एकादशी, माघे संक्रान्ती, शिवरात्री जस्ता धार्मिक पर्वमा पवित्र स्थलमा गएर सामूहिक रूपले भजन गाउने चलन छ । "आराध्य देवीदेवताको र गुरु आदिको नाम-महिमा गाउने काम, नाम कीर्तन गुणगान, कुनै देवदेवीको गुण वर्णन गरिएको गीतलाई भजन भनिन्छ" (पोखरेल र अन्य, २०४० : ४) । कुनै पर्व, उत्सव तथा व्रतादिमा देवता र ईश्वरप्रति भक्तिभावनाका साथ ईश्वरको गुणगान गर्दै गाइने लयात्मक अभिव्यक्तिलाई नै भजन भनिन्छ ।

दैनिक जीवन एवम् संसारको निस्सारता परलौकिक जीवनको गहना जीवनको अनित्यता, सुख सम्पत्तिको क्षणभङ्गुरताका साथै ईश्वरको सुन्दर प्राप्ति यी गीतले प्राप्त गर्ने गरेको पाइन्छ । भजन विभिन्न देवदेवता, रामायण साथै सगुण र निर्गुण भक्तिका बारेमा गाउने गरिन्छ । भजन महिला र पुरुष दुवै मिलेर गाउने गरिन्छ । भजन प्रायः मङ्गल कार्य वा व्रतमा गाउने गरिन्छ । यो लम्बरी र चुड्के दुवै लयबाट गाइन्छ । कुश्मा क्षेत्रमा पनि विभिन्न प्रकारका भजन गाउँदै आएको पाइन्छ । जस अन्तर्गतको एक टुक्रा भजन :

*कति सुवायो, कति सुवायो*
*बाघको छाला नागको माला कति सुवायो*
òòò òòò òòò
*कति सुवायो, कति सुवायो*
*शिव जीलाई पार्वती कति सुवायो* (धार्मिक गीत) ।

प्रस्तुत भजनको पहिलो टुक्कामा शिवजीलाई बाघको छाला र नागको माला अति सुहाएको भनेर शिवजीको प्रशंसा गरिएको छ । यस्तै दोस्रो टुक्कामा शिवजीलाई पार्वती सुहाएको भनेर शिव-पार्वतीको महिमा गान गाइएको पाइन्छ ।

### ४.२.२ आरती भजन

कुश्मा क्षेत्रमा प्रचलित धार्मिक गीतमध्येको अर्को गीत हो, आरती भजन । मन्दिरमा वा घरमा पूजा लगाएका वेलामा आरतीमा गाउने गीतलाई आरती भनिन्छ । भजनका क्रममा यो आरती गाइन्छ (बन्धु, २०७१ : १५३) । आरती भजनमा सम्पूर्ण देवीदेवता वा हाम्रा भक्तलाई आफू वा भक्तप्रति केन्द्रित रहेर हाम्रो पुकार सुनिदिनु भन्ने अनुरोध गरिएको हुन्छ ।

नेपालका प्रायः क्षेत्रमा आरती गाइए जस्तै कुश्मा क्षेत्रमा पनि आरती गीत गाउने गरेको पाइन्छ । आरती पनि विभिन्न प्रकारका रहेका छने । सबै प्रकारका आरती भजनको उद्देश्य भगवान्‌को आराधना रहे तापनि ठाउँ अनुसार भाषिकागत विभेदले त्यसमा फरकपन आएको पाउन सकिन्छ । कुश्मा क्षेत्रमा गाइने आरती गीतको एक नमूना यस प्रकार रहेको छ,

*सञ्जे जगाऊ भक्त, त्रिपाला जगाऊ*[२]
*आरतीको वेला भयो, भक्तजन सञ्जे जगाऊ* (धार्मिक गीत) ।

प्रस्तुत आरती भजनमा अब सञ्जे जगाउने वेला भयो । भक्तजन सबै आउनु ढिला नगर्नु । सञ्जेको वेला ढिला गर्नु राम्रो हुँदैन भन्ने आशय व्यक्ति गरिएको पाइन्छ ।

### ४.२.३ चुड्का भजन

धार्मिक गीत अन्तर्गत पर्ने अर्को भजन चुड्का भजन हो । यो भजन प्रायः ब्राह्मण क्षत्री समुदायमा प्रचलित छ । चुटका भजन पनि विभिन्न धार्मिक अवसरमा गाउने गरिन्छ । घरका आँगन, पिंढीँमा, गुन्द्री काम्लो ओच्छ्याएर यस प्रकारका गीत गाउने गरिन्छ ।

चुड्का भजन गाउँदा एक जनाले भट्याउने, चुड्का निकाल्ने र त्यसैलाई भजन समूहले दोहोऱ्याउने गरिन्छ । यसरी चुड्का भजनमा भक्ति, आराधना, हाँसो, ठट्टा, कथा इतिहास आदि गीत गाइन्छ । चुड्का भजन खैँजडी मुजुरा लिएर सामूहिक रूपमा गाइन्छ । कुश्मा क्षेत्रमा प्रचलित चुड्का भजनको एक टुक्रा यसरी उल्लेख गर्न सकिन्छ :

*कोटी नमस्कार,*
*देउता जति सबैलाई,*
*देउता जति सबैलाई* (धार्मिक गीत) ।

कतै-कतै चुट्का भजनलाई त्रिकुटी भजन भन्ने गरेको पाइन्छ । यस्तै, पूजाआजामा ध्यानाकर्षण गराउन एक प्रकारको भजन गाउने गरिन्छ । जसलाई त्रिकुटी भजन भन्ने प्रचलन रहेको पाइन्छ । जुन भजनको ध्येय कर्ताको ध्यान आफूतर्फ तान्नु रहेको हुन्छ । यस्तै कतै-कतै भजनमा कुनै कथालाई उनेर गाउने गरेको पाइन्छ । जसलाई लम्बरी भजन भन्ने गरिन्छ । लम्बरी भजनमा कुनै पौराणिक कथाका पात्रको गाथा गाइएको हुन्छ ।

धार्मिक गीत भनेको धर्मकर्मसँग जोडिएको धार्मिक गीत हो । जस अन्तर्गत धमारी, आरती, भजन, त्रिकुटी, लम्बरी गीत पर्दछन् । यी धार्मिक गीतले धर्म, संस्कृतिलाई झल्काउने र जोगाउने कार्य गरिरहेका हुन्छन् । धमारीमा गणेश र कृष्ण भगवान्को महिमागान वर्णन गरिन्छ । मागल, महाल र सगुन जस्ता गीत जन्म, छैँठी, न्वारन, चूडाकर्म, ब्रतबन्ध, विवाहका अवसरमा गाइन्छन् । जुन गीतले हाम्रो सामाजिक संस्कारलाई झल्काउने गर्दछन् ।

यस्तै, आरती गीत भनेको मन्दिर वा घरमा पूजा लगाएका वेलामा गाउने गीत हो । भजन पूजा आचा गर्ने क्रममा पूजा स्थलमा गाउने गरिन्छ । भजनमा विभिन्न भगवान्का बारेमा चर्चा गर्दै माहोल आनन्दित पार्ने काम गरिन्छ । समग्रमा धार्मिक गीतले भगवान्को नाम स्मरण गराउनुका साथै घर र मन पवित्र बनाउन सहयोग गर्दछ ।

अन्तमा, के भन्न सकिन्छ भने, धार्मिक गीतले मानव मनमा अहंकार र खराब विचारको अन्त्य गराउँदै मान्छेमा आध्यात्मिक, धार्मिक, सांस्कृतिक र साहित्यिक चिन्तन गराउन प्रेरित गर्दछ । यस क्षेत्रमा प्रचलित धार्मिक गीतका नमूना अध्ययन पत्रको परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

### ४.३ पर्वगीत

नेपाली समजमा विभिन्न चाडपर्वका अवसरमा गाइने गीतलाई पर्वगीत भनिन्छ । पर्वगीतमा गौरा, तीज, मालसिरि, सराएँ, देउसी, भैलो, भुओ, वसन्त र फागु जस्ता गीत पर्दछन् । पर्वगीत अन्तर्गत गौरा पर्वमा गाइने अष्ट वलीको गायन पनि पर्दछ । डोटेली जनजीवनमा भदौ महिनाको पञ्चमीदेखि अष्टमीसम्म मनाइने गौरा पर्वको सन्दर्भमा गौरीको पूजा गरी अष्टवलीको गायन गरिन्छ । जुन डोटेली समाजको महत्त्वपूर्ण गाथा हो (बन्धु, २०७१ : १६६) । नेपालको गुल्मी र अर्घाखाँचीका कतिपय जिल्लामा दसैंका टीकाका दिनदेखि पूर्णिमासम्म विभिन्न मन्दिर र कोटमा पशुको बली दिएपछि रगत लागेको खड्ग नचाउँदै

गाइने नृत्यलाई सराएँ भनिन्छ । नेपालका विभिन्न भौगोलिक क्षेत्र, भारतका विभिन्न राज्य, भुटान र बर्मामासमेत बसोबास गर्दै आएका नेपाली भाषी समुदायका अरू पर्वगीत पनि हुन्छन् । जस्तै : तीजको गीत, गौरा पर्व, सराएँ, मालसिरि, भैलो, देउसी, भुओ गीत, वसन्त, फागु र होरी (बन्धु, २०६० : ६५)) आदि । जसमध्ये कुश्मा क्षेत्रमा तीजेगीत, देउसी गीत, भैलो गीत र मालसिरि गीत प्रचलनमा रहेको पाइन्छ । यस क्षेत्रमा प्रचलित पर्वगीतको नमूनालाई परिशिष्ट खण्डमा समावेश गरिएको छ भने गीतको सङ्क्षिप्त चर्चा निम्नानुसार गरिएको छ ।

### ४.३.१ तीजेगीत

तीजेगीत पर्वगीत अन्तर्गतको एक लोकप्रिय र चर्चामा रहेको गीत हो । तीजका अवसरमा नारीद्वारा गाइने गीतलाई तीजेगीत भनिन्छ । तीजका अवसरमा विवाहिता नारीलाई दर खानका निम्ति माइती लिन आउँछन् । उनीहरू दर खानका लागि भनेर माइत जाने गर्दछन् । सोही दरखाने दिनको राती र तीजकै दिन व्रत बस्दा नारीहरू तीजको गीत गाउछन् । तीजका गीतहरू यस क्षेत्रका नारीका सामाजिक संस्कार र संस्कृति पनि हुन् ।

तीज गीतमा बालविवाह, अनमेलविवाह, बहुविवाह जस्ता सन्दर्भले निम्त्याएका समस्या, नन्द, देउरानी, जेठानी, सासु बुहारीका प्रताडना, कचकच, थिचोमिचो, हेपाइले जन्माएका पीडालाई अभिव्यक्त गरिएको हुन्छ । तीजका गीतमा चेलीका आमाबुबा, दिदीबहिनी र दाजुभाइप्रतिका प्रेम, बाल्यकाल र जन्मस्थानका सम्झना मात्र प्रस्तुत गरिएका हुँदैनन् । यी गीतले सामाजिक यथार्थलाई पनि राम्ररी देखाउछन् (बन्धु, २०६० : ६५) । कुश्मा क्षेत्रमा प्रचलित तीजेगीतमा पनि त्यो विशेषता पाउन सकिन्छ । पहिल्यैदेखि यस क्षेत्रका दिदीबहिनीले गाउँदै आएको तीजको गीतका एक टुक्रा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

*तीजका वेलामा छोरी घर पठायौं*
*अँधेरी खोलाले लग्यो बरिलै !*
*बाबा त भन्दा हुन छोरी घर पठायौं*
*ससुरा बा भन्दा हुन "बहु आइन"*

òòò òòò òòò

*उर्लदी सदिया ढलकदी डुगिया*

*मरन लेख्यो मलाई आधै बीचमा ...* (पर्व गीत) ।

प्रस्तुत दुई टुक्रा गीतमध्ये पहिलो तीजेगीतमा तीजका बेलामा बाबाले घर पठाएको सन्दर्भलाई व्यक्त गरिएको छ । घर त पठायौं बाबा तर अँधेरी खोलाले बगाएर लग्यो भनिएको छ । यस्तै अर्को टुक्रामा आफूलाई अकालमा मर्नु परेको भावलाई अभिव्यक्त गरेको पाइन्छ ।

यी र यस्तै गीत कुश्मा क्षेत्रमा गाउने गरेको पाइन्छ । पछिल्लो समय कुश्मा क्षेत्रमा पनि देशका विभिन्न स्थलमा जस्तै तीजे मेला लाग्ने गर्दछ । यस मेलामा तीजगीत प्रतियोगिता पनि हुने गर्दछ । यस्ता प्रतियोगितामा महिला, दिदीबहिनीले आफ्ना सुखदुःख, विरह, वेदनालाई तीजे गीतका विषयवस्तु बनाएर गीतका माध्यमबाट प्रस्तुत गर्ने गर्दछन् । आजकल देशको समसामयिक स्थितिलाई पनि तीजेगीतको विषयवस्तु बनाएको पाइन्छ । यसरी यस क्षेत्रमा दिनप्रतिदिन तीजेगीत फष्टाउँदै गएको देख्न सकिन्छ ।

### ४.३.२ देउसी गीत

पर्व गीत अन्तर्गतको अर्को गीत देउसी गीत हो । जुन गीत कार्तिक महिनामा पर्ने नेपालीको दसैंपछिको ठूलो चाड तिहारमा गाउने गरिन्छ । तिहार असत्यमाथि सत्यको विजय भएको विश्वासमा मनाइन्छ । तिहारमा औंसीका दिन झिलिमिली बत्ती बालेर लक्ष्मीपूजा गरिन्छ । सोही दिनबाट देउसी र भैलो खेल्न थालिन्छ । देउसी गीत युवतीले गाउने गर्दछन् भने भैलो पुरुषले गाउने गर्दछन् । देउसी गीत औंसीका दिनदेखि भाइटीकाको दिनसम्म गाउँदै देउसी खेल्ने गरिन्छ । देउसी र भैलो दुवै गीतमा एकजनाले भट्याउछ र सबैले त्यसका पछि भैलो वा देउसुरे भन्ने गर्दछन् ।

"लक्ष्मीपूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउका प्रौढ किशोर देउसी गीत गाउँदै घर-घर डुल्ने गर्दछन् । देउसी खेल्न निस्केका किशोर प्रौढलाई देउसी पनि भनिन्छ" (बन्धु, २०६० : ६७) । देउसी एवम् भैलो गीतमा देउसी वा भैलोगीतमार्फत् घरवेटीलाई विभिन्न आशीर्वाद पनि दिने गर्दछन् ।

कुश्मा क्षेत्रमा प्रस्तुत गीतमा सुनको छाना, सुनको धुरी, घरधनीलाई राजा, राजकुमार आदि भन्दै आशिक दिएको देख्न सकिन्छ । हेरौं यस क्षेत्रमा प्रचलित एक टुक्रा देउसी गीत :

*ए भन-भन भाइ हो* *देउसी रे*

*राम्ररी भन* *देउसी रे*

*स्वर मिलाई कन्* *देउसी रे*

*सबैले भन* *देउसी रे*

*वर्षै र दिनको* *देउसी रे*

*तीन दिन तिहार* *देउसी रे*

*मनाऔं भनी* *देउसी रे*

*पाएको मान्न* *देउसी रे*

(पर्व गीत) ।

प्रस्तुत गीतमा बाँचेको हुनाले तिहार मनाउन आएको आशय व्यक्त गरिएको छ । तिहार मनाउन आउनुको कारण बताउँदै घरमा भरिपूर्ण अन्न होस् । गाई वस्तु बढुन् भन्दै देउसीरे प्रशन्न भएर घरमा सुनैको छानो होस् भनेर आशीर्वाद दिएको देख्न सकिन्छ ।

### ४.३.३ भैलो गीत

कार्तिक महिनामा पर्ने दसैंपछिको ठूलो चाड हो तिहार । तिहारको औंसीको दिन साँझ झिलिमिली बत्ती बालेर लक्ष्मीपूजा गरिन्छ । लक्ष्मीपूजा गरेपछि गाउँघरमा सबै उमेरका किशोरी भैलो खेल्दै गाउँगाउँ डुल्छन् । भैलो खेल्ने ती किशोरी, बालिका वा युवतीलाई भैलिनी भनिन्छ । कतै-कतै तिहारको पाँचौ दिन भैलो खेलिन्छ ।

देवताले चेलीको आशीर्वाद प्राप्त गरी असुरलाई हराउन सकेका हुन् र त्यसै वेलादेखि भैलोको प्रचलन भएको हो भन्ने एउटा विश्वास छ (बन्धु, २०७१ : १६८) । भैलो खेल्दा भैलोकै गीत गाइन्छ । त्यसमा एउटी भैलिनीले भट्याउने र अरूले भैलो तथा भैलीराम भन्दै दोहोऱ्याउँछन् । कुश्मा क्षेत्रमा पनि कार्तिक महिनाको औंसीको दिन साँझ बत्तीले घर आँगनमा चारैतिर झिलिमिली पारेर भैलो खेल्दै गाउँ डुल्ने गर्दछन् । यस क्षेत्रमा गाइने भैलो गीत यस प्रकार रहेको छ;

*ए भन मेरी संगी* *भैली*

*ए राम्ररी भन* *भैली*

*स्वर मिलाइ भन* *भैली*

*सबैले भन* *भैली*

| | | |
|---|---|---|
| *रातो माटो* | *भैली* | |
| *चिप्लो बाटो* | *भैली* | |
| *लड्दै र पड्दै* | *भैली* | |
| *हजुरको* | *भैली* | |
| *आँगनमा* | *भैली* | |
| *ए भैलो खेल्दै* | *भैली* | |
| *ए आएका हामी* | *भैली* | (पर्व गीत) । |

प्रस्तुत भैली गीत गाउनका लागि दस पन्ध्र जनाको समूह बनाएर महिला दिदी बहिनीहरू निस्कन्छन् । उनीहरू भैली गीत गाउँदै रमाउँदै गाउँ डुल्ने गर्दछन् । पछिल्लो समय भैली गीत गाएर दिदीबहिनीले मनग्ये आर्थिक आम्दानी गरेर सामाजिक सेवामूलक कार्य पनि गर्दै आएको देख्न सकिन्छ ।

### ४.३.४ मालसिरि

वडादसैँका अवसरमा नवदुर्गाभरी बिहान र बेलुका दुर्गा भवानीको आराधना गरी गाइने गीतलाई मालसिरि भनिन्छ । मालश्री सङ्गीतको एउटा महत्त्वपूर्ण राग हो । यसकै रागमा यो गीत गाइने हुँदा यसको नामकरण पनि मालसिरि गरिएको हो ।

"मल्ल कालदेखि काठमाडौँमा प्रचलित मालसिरि पूर्व र पश्चिम पहाडी भेगमा पनि प्रचलित रहेको पाइन्छ । मालसिरि गीत खासगरी देवीभगवतीको मन्दिरमा बिहान बेलुका गाइने गीत हो" (गिरी, २०५७ : १२१) । नेपाली बृहत् शब्दकोशमा मालसिरी सङ्गीत शास्त्रका अनुसार गाइने एक प्रकारको रागमा रचिएको गीत, मालसिरि दसैँमा बिहान र बेलुकी गाइने दुर्गादेवीको स्तुति भएको गीत भनेर अर्थ्याइएको छ (पराजुली, २०४० : १०७४) । यसरी पर्वगीत अन्तर्गत तीजकोगीत, गौरापर्व, सराँए, मालसिरि, देउसी, भैलो गीत, फागु र होरी आदि प्रचलनमा रहे तापनि कुश्मा क्षेत्रमा केही गीत मात्र प्रचलनमा रहेका छन् ।

पर्वगीत अन्तर्गत मालसिरि गीत पनि विभिन्न देवीका मन्दिरमा दसैंका वेलामा देवीको प्रार्थना गर्दै गीत गाउने गरिन्छ । देउसी र भैलो गीत तिहारको अवसरमा गाइने पर्वगीत हुन् । यी गीतले घरघरमा रमाइलो माहोल सिर्जना गर्दछन् । यस्तै, तीजको अवसरमा महिला दिदीबहिनीले गाउने गीतलाई तीज गीत भनिन्छ । यो पर्वमा सम्पूर्ण

नेपाली दिदीबहिनी आफ्नो मनको पीडा र दुःखलाई गीतमार्फत् व्यक्त गरेर मन हल्का बनाउने गर्दछन् ।

अन्तमा के भन्न सकिन्छ भने, हाम्रा पर्व गीतले हाम्रो पुरानो संस्कार र संस्कृतिको संरक्षणमा उल्लेख्य टेवा पुऱ्याएका छन् । विभिन्न धार्मिक, पर्व, उत्सव र सन्दर्भ कै कारण टाढा पुगेका आफन्तको भेटघाट गराउने माध्यम पनि हाम्रा विभिन्न पर्वले गरेका छन् । यिनै विविध पर्वमा गाइने पर्व गीतले आम जनमानसमा मनोरञ्जन पैदा गराउन सहयोग गरेका छन् ।

## ४.४ कर्मगीत

ग्रामीण भेगमा मेलापात गर्न जाँदा गाउने गीतलाई कर्मगीत भनिन्छ । कर्मगीत अन्तर्गत जेठेगीत, असारेगीत, दाइँगीत, गोठालेगीत लगायतका विभिन्न प्रकारका गीत पर्दछन् । कर्म गीतलाई श्रमगीत पनि भन्ने गरेको पाइन्छ । त्यही कर्मगीत अन्तर्गत कुश्मा क्षेत्रमा प्रचलनमा रहेका कर्मगीतका पनि विभिन्न प्रकार छन् ।

कुश्मा क्षेत्रमा पाइने गीतको पूरा अंश परिशिष्ट खण्डमा समावेश गरिएको छ भने कर्म गीत अन्तर्गतका गीतको निम्नानुसार चर्चा गर्न सकिन्छ ।

### ४.४.१ जेठे गीत

प्रायः जेठ महिनामा धान, घैँया गोड्दै गाइने गीतलाई जेठे गीत भनिन्छ । यो एक प्रकारको ऋतुगीत हो । चर्को घाममा घैँया गोड्दा गोड्दै थकाई र गर्मीले गर्दा थकाई मार्दा आफ्नो मनको बह गीतमार्फत् पोख्नुलाई जेठेगीत भनिन्छ (न्यौपाने, २०७० : ८१) । यो गीत प्रायः कारुणिक खालको हुने गर्दछ । गर्मीको मौसम, कामको तापले गर्दा मनमा राप पैदा गराएको हुन्छ त्यसपछि आफ्नो कर्म सँगसँगै गुनगुनाउँदै विभिन्न गीत गाएको देख्न सकिन्छ । कुश्मा क्षेत्रमा पनि जेठेगीत प्रचलनमा रहेको पाइन्छ । हेरौं एक टुक्रा जेठोगीतको उदाहरण,

*एकै र मुठी मार्सीको चामल (वेतैको डालीमा)*[२]
*आउला कि भनी फूल गाँसी राखें (ओइलाग्यो डोलीमा)*[२]
*हो कि होइन हो भनी देउन ओइलायो आलीमा*
*बेलौती काँचो यो कुरा साँचो ओइलायो आलीमा* (कर्म गीत) ।

यसरी जेठे गीतमा श्रममूलक सन्दर्भ, विषयगत विविधता, करुण भावको प्रधानता पाउन सकिन्छ । प्रस्तुत गीतमा मर्सी धानको चामल र फूल गाँसेर बसेको सन्दर्भलाई अभिव्यक्त गरिएको छ ।

### ४.४.२ असारे गीत

नेपाल कृषि प्रधान देश भएकाले अधिकांश नेपाली कृषि कर्ममा तल्लीन हुन्छन् । सोहीकारण असारको महिमाबारे अनविज्ञ हुने नेपाली पाउन मुस्किल हुन्छ । यही असार महिनामा गाइने र असार महिनाको महिमा गानलाई वर्णन भएको गीतलाई असारे गीत भनिन्छ ।

असारको महिनामा कृषकहरू विशेष गरी खेतमा व्यस्त हुन्छन् । पहाडी खेतका गराहरूमा जोतेर हिलो पार्ने हलीहरू, कोदाली चलाउने बाउसेहरू र एक हातमा धानका मुठ्ठा लिँदै अर्का हातले रोप्ने रोपाहारको सामूहिक स्वर लहरीले असारमा आफूले काम गर्दाको परिवेशलाई लिएर असारे गीत गाउने गरेको पाइन्छ ।

असार गीतका बारेमा अध्येता चूडामणि बन्धु भन्छन्, “असार महिनामा गाइने र असार महिनाको वर्णन गरिएको गीतलाई असारे गीत भनिन्छ” (बन्धु, २०७१ : १७६) । असार महिनामा धानको रोपाइँ गर्दा गाउने एक प्रकारको गीतलाई नै असारे गीत भनिन्छ । धान रोपाइँ हुने सबै ठाउँमा असारे गीतको प्रचलन पाइन्छ । जसरी भाषिकागत विभेदका कारण लवाइ, खवाइ र बोलाइमा फरक पर्छ त्यसै गरेर असारे गीतमा पनि स्थान क्षेत्रका आधारमा असारे गीतको भाव र भाकामा फरक तथा विविधता देखिन्छ ।

असारको महिनामा वर्षे झरीमा भिज्दै, हिलो माटो खेलाउँदै खेतका गरा-गरामा धानको बीउ रोप्दै असारे गीत गाइन्छ । असारे गीत वाद्यरहित कथ्य्य गीत हो । असार महिनामा गाइने हुँदा यो गीत ऋतु गीत अन्तर्गत पर्छ । देशका विभिन्न क्षेत्रमा जस्तै कुश्मा क्षेत्रमा पनि असारे गीत गाउने गरेको पाइन्छ । कुश्मा क्षेत्रमा प्रचलनमा रहेको र सुन्दै आएको असारे गीतका एक टुक्रा यस प्रकार उल्लेख गर्न सकिन्छ :

*असार मासको दबदबे हिलो छिः मलाई घिन लाग्यो*
*पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो*
*वेलौती काचो ख्याल होइन साँचो, छ बीस रिन लाग्यो ।*

(कर्म गीत) ।

प्रस्तुत गीतमा असारको हिलोसँग घिन लागेको र फरिया किन्दा रिन लागेको सन्दर्भलाई व्यक्त गरिएको छ । गीतमा तिमीले नपत्याउन सक्छौं तर यो साँचो कुरा हो । मैले कुनै झुट बोलेको छैन भनिएको छ । यसैगरी, असारको महिनामा पानी परेन भने पनि विभिन्न गीत गाउने गरेको पाइन्छ । जसको नमूना यस प्रकार रहेको छ :

*हर-हर महादेव पानी पारि देऊ*
*यतिले पुगेन, अझ थपी देऊ*
*खरानीको डल्लो कति साह्रो*
*महादेवलाई पानी दिन कति गाह्रो* (कर्म गीत) ।

यसरी असारे गीतमा झमझम पानी परेर रोपाइँ गर्दाको सन्दर्भ मात्रै होइन । पानी नपरेर रोपाइँ गर्न नपाएको सन्दर्भलाई लिएर पनि असारे गीत गाउने गरेको पाइन्छ ।

### ४.४.३ दाइँगीत

असारमा रोपेको धान पाकेपछि प्रायः मङ्सिर महिनामा दाइँ गरिन्छ । सोही समयमा गाउने गीतलाई दाँइगीत भनिन्छ । अध्येता चूडामणि बन्धुको परिभाषालाई लिँदा 'धान काटेर खलामा फिजारी गोरुले धान दाउने वेलामा गाइने गीतलाई दाइँगीत भनिन्छ । यसलाई दासी गीत पनि भनिन्छ' (बन्धु, २०७१ : १७८) । यसरी मध्य पूर्वी पहाडका गाउँमा धान काटेर खलामा फिँजारी गोरुले धान दाउने गरिन्छ । सोही वेलामा गाइने गीतलाई नै दाइँगीत भनिन्छ । प्रायः जसो असारमा रोपेको धानमा मंसिरमा फल लागिसकेको हुन्छ । सोहीकारण मंसिरसम्ममा धान काटेर एक ठाउँमा कुन्यु लगाएर राखिन्छ । कुन्यु राखिएको ठाउँमा सबै सरसफाइ गरेर, गोबरले लिपेर चिल्लो पारिन्छ जसलाई खलो भन्ने गरिन्छ । सोही खलोमा कुन्यु लगाएर राखिएको धानलाई ढालिन्छ, चुटिन्छ र धान खलामै झारिन्छ । खलाका बीचमा गाँडेको ठूलो किलालाई मिँयो भनिन्छ । त्यसैमा लहरै गोरु बाँधिन्छ । छरेको परालसहितको धानमा कुल्चाउँदै दाइँ गरिन्छ ।

दाइँगीत खासगरी पुरुषद्वारा सामूहिक रूपमा गाइने कर्मगीत हो । यो लामो र ठाडो भाकामा गाइन्छ । कुश्मा क्षेत्रमा पनि यो गीत प्रचलनमा रहेको पाइन्छ । हेरौं एक टुक्का दाइँगीतको नमूनाः

*असीमुरी भरुवा त बाह्रबीस राश*
*लङ्कै फूल फुल्यो पलङ्कैको बास ।*

*दाइँमा भाको गोरुले मिँयो हल्लायो*

*पारीको गोरुले भूमे बोलायो*  (कर्म गीत) ।

प्रस्तुत गीतको पहिलो टुक्कामा धान चुँटेर सकेपछि असी मुरी भरिसकेको र बाह्र बीस जति राशमा रहेको सन्दर्भलाई उल्लेख गरिएको छ । यस्तै दोस्रो टुक्कामा दाइँमा भाको गोरुले मिँयो हल्लाएको र दाइँमा नभएको गोरुले भूमे बोलाएको सन्दर्भलाई व्यक्त गरिएको छ ।

## ४.४.४ गोठाले गीत

गोठाले गीत लोकगीतको एक प्रकार हो । यो गीत ग्रामीण समाजमा घाँस दाउरा गर्दा गोठालाले वनपाखामा गाउने गीत हो । यसमा आफूले जीवनमा भोगेका भोगाइ गीतमार्फत् व्यक्त गर्ने गर्दछन् । यसबाट उनीहरूको मर्म पनि स्पष्ट रूपमा झुल्किएको हुन्छ । गोठाले गीत एकोहोरी र दोहोरी दुवै खालका हुने गर्दछन् । एउटा गाउँबाट अर्को गाउँमा भएका गोठालेहरू मिलेर दोहोरो रूपमा पनि गीत गाउने गर्दछन् ।

प्रायः ग्रामीण अशिक्षित वर्गले गाउने हुनाले यस गीतमा अशिष्ट भाषाको प्रयोग पनि भएको पाइन्छ । पछिल्लो समय परिवर्तित समयको कालखण्डमा आएर सबै शिक्षित हुन थाले, केटाकेटी विद्यालय जान थाले, गाईवस्तु पाल्नेको सङ्ख्या पनि घट्दै जान थाल्यो । गोठाले गीत गाउने प्रचलन पनि बिस्तारै घट्दै गइरहेको पाइन्छ । पर्वतको कुश्मा क्षेत्रमा पनि पहिले भन्दा अहिले यो गीत गाउनेमा कमी हुँदै आइरहेको पाइन्छ । प्रायः यो गीत लोप भैसकेको छ । हेरौ कुश्मा क्षेत्रमा प्रचलित गोठालो गीतको नमूनाः

*आज मेरो गाई हेर्ने पालो*

*पत्तै नपाई साँझ पर्न लाई हालो*  (कर्म गीत) ।

कर्म भनेको श्रम हो । कर्म गर्ने क्रममा गुनगुनाउने गीत नै कर्मगीत हो । कर्म गीतलाई श्रमगीत पनि भनिन्छ । कर्मगीत अन्तर्गत लल्लोरी वा निदरी, गोडेलो, असारे, घाँसे, दाइँगीत र सिमलचरी जस्ता गीत पर्दछन् । जुन गीतमध्ये केही गीत मात्र कुश्मा क्षेत्रमा प्रचलनमा छन् ।

स-साना बच्चालाई सुताउने बेलामा गाउने गीतलाई लल्लोरी वा निदरी गीत भनिन्छ । मकै गोड्ने बेलामा गाउने गीतलाई गोडेलो गीत भनिन्छ । असारको समयमा खेतमा धान रोप्दै रोपारेले गाउने गीतलाई असारे गीत भनिन्छ । दाइँगीत र सिमलचरी गीत

धान झुलिसकेपछि धान काटेर कुनिउ लगाएर राखेको परालको दाइँ हाल्ने वेलामा गाएर रमाइलो गरिन्छ । यिनै गीत कुश्मा क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ । यसरी श्रमगीत गाउनुको अर्थ काम गर्दाको समय बितेको थाहा नहोस् । कामदारलाई कामको बोझ अनुभूत नहोस् । श्रमका वेलामा पनि उमङ्ग बढोस् भन्ने उद्देश्यले श्रम वा कर्म गीत गाउने गरेको पाइन्छ । यस्ता गीतमा आफ्ना मनमा रहेका भावना व्यक्त: गरेर मन हल्का पनि हुने भएकाले श्रमगीत गाउने गरेको पाइन्छ ।

## ४.५ संस्कार गीत

नेपाली समाजमा जन्मदेखि मृत्युपर्यन्त विभिन्न संस्कार प्रचलनमा रहेका छन् । यिनै विभिन्न संस्कारमा गाइने गीतलाई संस्कार गीत भनिन्छ । संस्कार गीतमा, मागल, फाँग, खाँडो, रत्यौली, करात र आशिका छन् (बन्धु, २०७१ : १२२) । मानिसको जन्मदेखि मृत्यु संस्कार विभिन्न समुदायमा बेग्लाबेग्लै किसिमले सम्पन्न हुन्छन् ।

नेपाली समाजमा जन्मको खुसीयाली मनाइन्छ । सन्तान जन्मेको छैँठौ दिनमा छैँठी गरिन्छ । ११ दिनमा न्वारन गरिन्छ । यस्तै जन्म, व्रतबन्ध तथा विवाह संस्कार गर्दा नेपाली समाजमा विशेषगरी मागल, सगुन र फाग गाउने चलन छ । यी संस्कारका विभिन्न चरणमा गाइने मागल, सगुन वा फागमा इष्टदेवताको आराधना व्यक्तिको मङ्गलकामना र विविध प्रसङ्गको वर्णन हुन्छ (बन्धु, २०७१ : १५४) । नेपाली परम्परामा कुनै शुभ कार्यमा लागेको व्यक्तिलाई दर्शकले दमाहा बजाउँदै आशीर्वादका रूपमा गाउने गीतलाई आशिका भनिन्छ । आशिका प्राप्त गर्ने व्यक्ति ब्राह्मण, ठकुरी, क्षत्री, सरकारी कर्मचारी जे पनि हुन सक्छ यसरी अनुष्ठान तथा संस्कार गीत अन्तर्गत गाइने आशिका, करात, रत्यौली, मागलमध्ये कुश्मा क्षेत्रमा रत्यौली गीत प्रचलनमा रहेको पाइन्छ ।

### रत्यौली गीत

संस्कार गीत अन्तर्गतका विभिन्न प्रकारमध्ये रत्यौली विशिष्ट प्रकारको सस्कार गीत हो । अध्येता चूडामणि बन्धुको परिभाषालाई हेर्ने हो भने, “पश्चिम नेपालमा छैँटी ब्रतबन्ध र विवाह जस्ता संस्कारका अवसरमा रातभर जाग्राम बस्दै रमाइलो गरी गाइने गीतलाई रत्यौली भनिन्छ । प्राय: रातमा खेलिने भएकाले यस गीतलाई रत्यौली भनिएको हो” (बन्धु, २०७१ : १६२) । रत्यौली गीतको प्रचलन हेर्दा यसलाई पूर्णत: नारी गीत भन्न सकिन्छ ।

रत्यौली गीतमा पुरुषहरूको सहभागिता पाइँदैन । रत्यौली नेपालभर सबै ठाउँमा दुलाहाको घरमा गाइने गीत हो । पहिला रातमा मात्र गाइने यो गीत आजभोलि दिउँसोसमेत गाउने गरिन्छ । दुलाहाको घरतिरका मान्छे जन्ती, डोली अन्माएर दुलहीका घरतिर लागेपछि गाउन शुरू गरिएको यो गीत जन्ती फर्केर दुलाहाको घर आँगनमा पुगिञ्जेलसम्म गाइन्छ । लोग्ने मान्छेहरू जाने र टोल छिमेकमा एउटै पुरुष नरहेको अवस्थामा महिलाले गाउने यस गीतमा केही अश्लिलतासमेत भेट्न सकिन्छ । विवाहको अवसरमा दुलही लिन जन्ती गएपछि दुलाहाको घरमा महिला समूह मिलेर रमाइलो गर्नका लागि रत्यौली गीत गाउने गर्दछन्, त्यसै अवसरमा गाइने गीतलाई रत्यौली भनिन्छ । यो गीत पर्वत जिल्लाको कुश्मा क्षेत्रमा पनि निकै प्रचलित रहेको पाइन्छ । हेरौं कुश्मा क्षेत्रमा प्रचलित विभिन्न चरणका चार टुक्रा रत्यौली गीत :

*लामो पराल गुन्द्रीलाई, छोटो पराल गाईलाई,*
*के भनेर बोलाउने हो, जेठाजुको भाइलाई ।*
*दुलाहाकी आमालाई भित्र लग्यो नाठाले,*
*आगनीमा सुकाएको बिस्कुन खायो पाठाले*      (संस्कार गीत, रत्यौली) ।

òòò òòò òòò

*बाबुले ल्याएको झोला,*
*आमाले खोल्न होला कि नहोला*      (संस्कार गीत, रत्यौली) ।

òòò òòò òòò

*भरे त बुहारी आउछे,*
*सासुलाई बोकेर डुलाउछे*      (संस्कार गीत, रत्यौली) ।

यसरी संस्कार गीत अन्तर्गत विभिन्न गीत रहे तापनि कुश्मा क्षेत्रमा रत्यौली गीत मात्र प्रचलनमा रहेको पाइन्छ ।

### ४.६ अन्य बाह्रमासे गीत

जुनसुकै समय, स्थानमा जस्तोसुकै व्यक्ति, समूह आदिले लय हालेर गाउने गीतलाई बाह्रमासे गीत भनिन्छ । यस गीत अन्तर्गत बालगीत, झ्याउरे, एकोहोरी, दोहोरी, ख्याली, सालैजो, रोइलालगायतका गीत पर्दछन् । जसको निम्नानुसार छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

### ४.६.१ बालगीत

बालबालिकालाई सामान्य रूपमा फकाउन र भुलाउन ठूला वा बालबालिकाले मनोरञ्जनका निम्ति आफैँले गाउने गीतलाई बालगीत भनिन्छ । यस्ता गीतमा प्रायः अभिनय गरेर गाउने गीत हुने गर्दछन् । बालगीत लघु आकारका हुने गर्दछन् । यसमा भावगत जटिलता हुँदैन । यस्ता गीतमा बालमनोविज्ञान अनुरूप बालसुलभ, भाषा र शैलीको प्रयोग गरिएको हुन्छ । बालगीत प्रायः हाउभाउ अनुकरण खेलकुद र नाचका माध्यमबाट प्रस्तुत गरिन्छ । बालगीत एक र सामूहिक दुवै हुने गर्दछन् । बालगीतलाई झोलुङ्गे, लल्लौरी, लौरी, घुगुवी, वासुती, चचहुई आदि नामाकरण गरिएको पाइन्छ । कुश्मा क्षेत्रमा प्रचलनमा रहेका केही बालगीत निम्नानुसार उल्लेख गर्न सकिन्छ :

*आइजा चरी कटु कानमा*
*लैजा चरी कालिका मन्दिरमा*
*चरी उड्यो भुरुरु*
*नानी नरुनु धुर्धुरु ।*

òòò òòò òòò

*ताराबाजी लै लै*
*मामा आए घोडा*
*माइजु आइन डोली*
*पापा ल्याइन सोली*
*बुबु माम सुपुक्क*
*काफल गेडी कुटुक्क*
*बिरालो भन्छ म्याऊ म्याऊ*
*अगुल्टो भन्छ उछिट्याऊ*

(बाह्रमासे, बाल गीत) ।

यसरी माथि उल्लेखित बालगीतमा एउटामा बालबालिकालाई नरुनका लागि प्रेरित गरिएको पाइन्छ । यस्तै, अर्को बालगीतमा बालबालिकालाई बिरालाले म्याऊ गर्छ । काफल गेडी टोक्दा कुटुक्क हुन्छ भन्ने आशय व्यक्त गरिएको छ ।

### ४.६.२ झ्याउरे गीत

झ्याउरे बाह्रै महिना गाइने नेपाली भाषाको सबैभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान गीतको नाम हो । यस लोकगीतका साथ मादलको तालमा झ्याउरे नाच पनि नाचिन्छ । निश्चित कार्यसँग सम्बद्ध नभएको सबैजसो मनोरञ्जन प्रधान गीतलाई झ्याउरे भनिन्छ । झ्याउरे भनेको पाँचौं, दशौं र पन्धौं अक्षरमा अडान हुने लयको गीत हो । नेपाली सर्वसाधारणको स्थिति एवम् अवस्थाको छनक दिने खालको झम्रेझाम्रेको मुखैमा झुन्डिएको गीतलाई झ्याउरे भनिन्छ । झ्याउरे गीत नेपालको पश्चिमी क्षेत्रबाट गाउन थालिएको मानिन्छ त्यसैले यसको उद्गम स्थलका रूपमा धवलागिरि अञ्चललाई लिन सकिन्छ ।

झ्याउरे भाकामा नेपाली गीत गाएर राङखानीका पाखा, पखेरा र तामाखानीमा घन्काउन थालेको पाइन्छ र त्यहीबाट झ्याउरे गीतको विस्तार भयो (बन्धु, २०७१ : १०२) । झ्याउरे गीतको उत्पत्ति बाग्लुङ्ग जिल्लाबाट भएको हो र मादलको तालमा गाइने चुड्कालाई झ्याउरे गीत भन्ने गरेको पनि पाइन्छ ।

कालिभक्त पन्तका अनुसार, बागलुङ राङ्खानीबाट गोन्या सिरस र मानवीर खत्री नेपाल अङ्ग्रेज युद्धका वेला कुमाउ-गढवालमा सिपाही थिए । १८७३ सालमा सुगौली सन्धि भएपछि फर्के अनि कुमाउ गढवालबाट ल्याएका भाकामा नेपाली गीत गाएर राङ्खानीमा घन्काउन थाले । त्यहीबाट झ्याउरे गीतको विस्तार भयो । झ्याउरे गीतको उत्पत्ति बाग्लुङ्गको राङ्खानीबाट भएको हो (थापा, २०३० : २६२) । यसरी झ्याउरे गीत र छन्दका बारेमा विद्वान्को एकमत पाइँदैन । यो गीत दोहोरीका रूपमा वा एक्लै गाउन सकिन्छ । यो गीतलाई छोटो, मझौला र लामो गरेर गाउन सकिन्छ । हेरौं कुश्मा क्षेत्रमा प्रचलनमा रहेका विभिन्न प्रकृतिका झ्याउरे गीतका नमूना :

**छोटो झ्याउरे**

*ऐले साल करिम चिन्दैछु, करिम चिन्दैछु*
*पीरको भारी बोकेर हिन्दैछु, कुश्मा बजारैमा*
*कुश्मा बजारैमा सम्झी नरोए जिन्दगानीमा ॥*

**मझौला झ्याउरे**

*अँधेरी पाखा गुहेली पाक्यो वन चरी रमायो ।*
*झझल्को तिम्रो लागेर आउँदा मन मेरो रुवायो ॥*

**लामो झ्याउरे**

*सिरिमा सानको भात खानु धानको, दूध खानु थोरेको ।*
*फूलवारी गएँ फूल टिपी ल्याए खै कपाल कोरेको ॥*
*सानुमा सानु कुसुमे रुमाल धोइदिने कोही छैन ।*
*जसरी पनि यो साल एउटी नल्याइ भा' छैन ॥* (बाह्रमासे गीत) ।

प्रस्तुत तीन प्रकारका झ्याउरे गीतमध्ये पहिलोमा आफ्नो भाग्यले ठगेको सन्दर्भलाई व्यक्त गरिएको छ । सधैँ दुख परिरहने यो साल राम्ररी चिने मेरो कर्म नै उस्तै रहेछ भन्ने भाव व्यक्त भएको छ । यस्तै, गीतको दोस्रो टुक्कामा अँधेरी पाखामा गुहेली पाक्दा वन चरी रमाएको छ । उता वन चरी रमाए तापनि तिम्रो झझल्कोले गर्दा घर चरीको मन रमाएको छैन रोएको छ भन्ने सन्दर्भ आएको छ ।

यस्तै अर्को टुक्कामा व्यङ्ग्य गरिएको छ । फुलबारीबाट फूल ल्याइसक्दा पनि कपाल कोर्न ढिला गरेको सन्दर्भ अभिव्यक्त भएको कारणले आफ्नो कुसुमे रुमाल धुनका लागि यसपाला कोही न कोही ल्याउनुपर्ने भाव व्यक्त भएको छ ।

**४.६.३ ठाडो भाका**

रुखो स्वभावको लय वा भाका भएका गीतलाई ठाडो भाका भनिन्छ । जसमा एक भनाइ सिध्याउन नपाउँदै अर्को भाका शुरू गरिने ठाडो भाका गण्डकी अञ्चलमा ज्यादै लोकप्रिय रहेको छ । "रुखो बानी व्यहोरा भएको ठर्रो, ठाडो, अनियमित भनाइ सकिन नपाई तुरुन्तै दिएको जवाफको लय वा भाकालाई ठाडो भाका भनिन्छ" (नेपाल, २०५० : ५७०) । धवलागिरि अञ्चलको कुश्मा क्षेत्रमा ठाडो भाका बढी प्रचलित र लोकप्रिय रहेको छ । पर्वत जिल्लाको प्रख्यातः धार्मिक स्थल कुश्माको विभिन्न स्थानमा शिवरात्रीमा ठाडो भाका गाउने गरिन्छ । नाइकेले गीत झिकेपछि अरूले छोप्ने गर्दछन् । कुश्मा क्षेत्रमा प्रचलित ठाडो भाकाको गीतको एक नमूना यसरी प्रस्तुत गर्न सकिन्छ :

*फुसको छानु छाएको उन्ले, चुहुन लाइसक्यो*
*अनार दाना साचेको उनलाई कुहुन लाइसक्यो*
*गै सक्यो दसैँ तिहार फेरि, फर्केर आइसक्यो*
*आएनन् मेरा परदेशी दिल्मा, विरह छाइसक्यो ॥*

(बाह्रमासे, ठाँडोभाका गीत) ।

### ४.६.४ सालैजो

मध्यनेपालका गण्डकी, लुम्बिनी र धवलागिरि अञ्चलमा प्रचलित ज्यादै लोकप्रिय सालैजो भाकाका विभिन्न रूप छन् । यो एक्लै पनि गाइन्छ र दोहोरीका रूपमा पनि यसलाई गाइन्छ । सामूहिक रूपमा गाउदा महिलाको समूहले बीचबीचमा टुक्का पनि दोहोऱ्याउने गर्दछन् । सालैजो गीत लामो भाकामा पनि गाइन्छ । सालैजो सदाकालीन गीत भएकाले बाह्रैमास गाइन्छ । चाडपर्व, उत्सव, मेलापात जाँदा घाँस दाउरा गर्दा गोठालो जाँदा जुनसुकै वेला पनि यो गीत गाउन सकिन्छ । यो एकोहोरी र दोहोरी दुवै प्रकारको भाकामा गाउन सकिन्छ । यो गीतमा मादल, खैँजडी पनि बजाइन्छ । यसलाई नाँच्दै रमाइलो गर्दै गाउन पनि सकिन्छ । हेरौं कुश्मा क्षेत्रमा प्रचलनमा रहेको एक टुक्रा सालैजो :

*हा हेर्दामा राम्रो कुश्मा बजार सालैजो*
*तल मोदीवेनी दोभान हा अन्त मन छैन देऊ मलाई*
*बैना सालैजो मायाको जोवन*
*हो निरमाया ख्याल हैन साँचो सालैजो*
*मायाको जोवन* (बाह्रमासे, सालैजो गीत) ।

### ४.६.५ एकोहोरो गीत

कुनै व्यक्तिले आफ्ना मनमा लागेका कुरालाई कुनै पनि प्रश्न उत्तर नगरी एक्लै गाइने गीतलाई एकोहोरी गीत भनिन्छ । "एक्लै गाउने वा समूहका माझमा नगरीकन एकोहोरो किसिमले गाइने गीत एकोहोरी गीत हो" (न्यौपाने, २४४.१५) । "जुवारी नखेलेर एक्लै वा एकोहोरी किसिमले गाइने गीतलाई एकोहोरी गीत भनिन्छ । एकोहोरी गीत बाह्रै महिना गाइन्छ । यसका पनि विभिन्न भेद छन् । कुनैमा वाद्यको प्रयोग हुन्छ भने कुनैमा खेतवारीमा काम गर्दा जातो-ढिकी गर्दा, पधेरामा पानी भर्दा, गाई वस्तु चराउँदा यो गीत गाइन्छ । एकोहोरी गीतमा गायक वा गायिकाले आफ्ना मनमा लागेका कुरा गीतमार्फत् प्रस्तुत गरेका हुन्छन् ।

यसमा सुख-दुःख, हर्ष-आसु आदिका कुरा प्रस्तुत हुन्छन् । प्रायः यो गीत मेलापात, घाँस, दाउरा गर्दा गाइन्छ । यस कुश्मा क्षेत्रका मानिस पनि घाँसदाउरा मेलापात गर्दा एकोहोरी गीत गाउने गर्दछन् । एकोहोरी गीत विभिन्न प्रकारका हुन्छन् जसमध्येको एक एकोहोरी गीतको नमूना यस प्रकार छ :

*आमा, काम गर्छु म भन्दा नि मान्दिनौ ।*

*कहिले मलाई एक थप्पर हान्दिनौ ॥*

*बुढी हुँदै गयौ ।*

*हिजो राती देखेथेँ सपनीमा आमा कि विरामी भयौ ?*

(बाह्रमासे एकोहोरी गीत) ।

### ४.६.६ दोहोरी गीत

दुई व्यक्ति अथवा समूहका बीच गीतैमा गरिने सवालजवाफलाई दोहोरी गीत भनिन्छ । यो प्रायः युवक-युवती तथा युवकयुवतीका समूहका बीच हुने गर्दछ । यो गीत दोहोरो संवादका रूपमा गाइने हुनाले दोहोरी भनेको पाइन्छ । "पक्ष विपक्षका रूपमा हुने गीतको सवालजवाफ, जुवारीलाई दोहोरी गीत भनिन्छ" (पोखरेल र अन्य, २०४० : ६४६) । लोक गायकका सरल हृदयबाट निःसर्त भावुक उद्‌गारलाई लयमा बाँधेर प्रश्नोत्तरका रूपमा गाइने गीत दोहोरी गीत हो । दोहोरी गीतमा युवक र युवतीका बीचको प्रेमप्रसङ्‌ग निकालेर प्रश्नोत्तर गर्दा मानवीय मनोभाव र सामाजिक परिस्थितिको सजीव चित्रण हुन्छ । उनीहरूले आफ्नो परिचय दिदा आ-आफ्ना आकाङ्‌क्षालाई व्यक्त गर्दा र मनका भावहरू प्रकट गर्दा प्रकृति र समाज अनि आफ्ना वरिपरिका वातावरणलाई प्रस्तुत गरेका हुन्छन् ।

छन्द र लय मिलाउने क्रममा कोही अप्रासङगिक कुरा ल्याई प्रासङ्‌गिक कुरा भन्ने लोकगीतका शैलीको प्रयोग दोहोरीमा पाइन्छ । दुई व्यक्तिबाट शुरू हुने यो दोहोरी परिचयबाट शुरूआत गरिन्छ । दुई पक्षबीच ख्याल ठट्टा गर्दै सवालजवाफ चर्किदै जान्छ । दोहोरी गाउँदा समूहको एक जना नायक हुन्छ, उसले गेडा झिकेपछि सबैले त्यसलाई छोप्दै गाउने गर्दछन् । निश्चित समयमा प्रतिस्पर्धी समूहले त्यसको उत्तर गीतबाटै दिनुपर्ने हुन्छ । हारजीत नभएसम्म दोहोरी गाउनेले जवाफ दिँदै दोहोरी समापन गर्नुपर्दछ । यस्ता दोहोरी गीत प्रतियोगिता पर्वत जिल्लाको कुश्मा क्षेत्रमा विशेष गरी सदरमुकाम गएकाले विभिन्न किसिमका कार्यक्रममा हुन्छ । साथै, शिवरात्रीका दिनमा बढी मात्रामा गाइन्छ । दोहोरीगीत गाउँदा प्रायः मादल, वाद्यवादनका साधन बजाउँदै त्यसैको तालमा गाउने गरिन्छ । हेरौं कुश्मा क्षेत्रमा प्रचलनमा रहेको दोहोरी गीतको एक टुक्का :

केटाः- *मेरो माया आउँछ कि भनेर*

*भीरको बाटो सम्मई छ खनेर ।*

केटीः- *कति राम्रो साडीको सितारा*

*आउने थिए माया पाछौं कि वितारा ।*

(बाह्रमासे, दोहोरी गीत) ।

### ४.६.७ रोइला गीत

रोइला गीत मध्येपहाडी क्षेत्रको पाल्पा, गुल्मी र स्याङ्जाका बाहुन क्षत्री तथा मगर समुदायमा निकै लोकप्रिय छ । रोइलामा स्थायी र अन्तराको भेद हुँदैन । गीतमा कुनै दोहोऱ्याउने अंश नहुने हुँदा यो क्रमिक रूपमा अघि बढ्दै जान्छ । ठाउँ अनुसारका यसका पनि विभिन्न भेद रहेका छन् । स्याङ्जामा रोइला भनिने यस्ता गीतलाई पाल्पाका केही ठाउँमा चुड्का भनिन्छ । पहिलो चरनमा ६ अक्षर र दोस्रो चरणमा ७ अक्षर भएका दुई चरनका चुड्कालाई ७ अक्षरको तेस्रो पाउ थपी रोइला बनाइन्छ ।

चुड्काहरू भजनमा पनि गाइने हुनाले ती धार्मिक विषयका पनि हुन्छन्, तर रोइला भने विशेष गरी प्रेम र विरहका नै हुन्छन् । रोइला एक्लै पनि गाउन सकिन्छ । यो एक्लै गाउनु भन्दा दोहोरीका रूपमा गाउनु बढी आकर्षक हुन्छ । स्याङ्जाको आँधीखोलाको बाटो भारी बोक्ने रुवानीहरूले गाउने गीत नै रोइलाको प्राचीन स्वरूप थियो भन्न सकिन्छ । यी रुवानी जातिले भारी खेपेर जीवन गुजारा गर्थे । रुवानी जातिले गाउने गीत रुवानीबाट रोइले हुँदै रोइला भएको हो" (शर्मा, २०६५ : ३८) । पश्चिमाञ्चलमा लोकप्रिय रहेको रोइलाको विशेष प्रचलन गण्डकी, धवलागिरि तथा लुम्बिनी अञ्चलमा रहेको पाइन्छ । शुरू शुरूमा क्षत्री बाहुनमा प्रचलित रहे पनि अहिले यो गीत जुनसुकै जातिमा पनि लोकप्रिय रहेको छ । कुश्मा क्षेत्रमा पनि यो गीत निकै प्रचलनमा रहेको छ । हेरौं दोहोरीको रूपमा यस क्षेत्रमा गाइदै आएको एक टुक्रा रोइला :

स्त्री : *पछ्यौरीको छेऊमा*

*लायो माया लेसियो*

*फुकाऊ भने देखियो*

पुरुष : *यसै होला भनी*

*नलाऊ माया भनेको*

*हिजै मैले जानेको ।*

(बाह्रमासे, रोइला गीत) ।

### ४.७ निष्कर्ष

लोकगीत लोकसाहित्यको लोकप्रिय विधा हो । यो ग्रामीण जनजीवनबाट मौखिक रूपमा विकसित हुने र एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने विधा हो । लोकगीत भनेका सदैव लोकमानसको हृदयबाट निस्केका स्वतन्त्र अभिव्यक्ति हुन् । जसमा लोक मानसका दुःख, पीडा, हर्ष, आँसु मिसिएका हुन्छन् । लोकगीत मानव मनका स्वतन्त्र अभिव्यक्ति भएकाले लोकगीतको परिभाषा एवम् विषयवस्तु पनि विभिन्न अवस्था अनुसार फरक-फरक हुन सक्छ । लोकगीतलाई वर्गीकरण तथा विश्लेषण गर्ने सैद्धान्तिक आधार नभए पनि अग्रज अनुसन्धानकर्ताका विचार धारणालाई आधार मानेर विश्लेषण गर्न सकिन्छ । यसको विश्लेषणमा कसैले संरचना पक्षलाई महत्त्व दिएका छन् त कसैले भाषिक तत्त्वलाई एवम् काव्यात्मकतालाई आधार बनाएका छन् । यी सबै अध्येताका अध्ययनका आधारमा कुश्मा क्षेत्रका लोकगीतको अध्ययन गर्दा यहाँको लोकसाहित्य निकै समृद्ध रहेको देख्न सकिन्छ ।

### ४.८ विषयवस्तुका आधारमा कुश्मा क्षेत्रका लोकगीतको विश्लेषण

लोकगीत मानव मनको ढुकढुकीलाई लयात्मक रूपले अभिव्यक्त गर्ने माध्यम हो । मानव जीवनका विविध अवस्थालाई र मानव समाजलाई समेटेर निरन्तर गुञ्जिरहने यी लोकगीतले विविध विषयवस्तुलाई आफ्नो आधार बनाएका हुन्छन् । लोकगीतमा लोकजीवनका अभिव्यक्ति हुने भएकाले यसका विषयवस्तु पनि माया, प्रेम, वनपाखा, खेतीपाती आदि सम्बन्धी हुने गर्दछ । समाजमा भएका विभिन्न पक्ष लोकगीतका विषय क्षेत्र हुन् । यस क्षेत्रमा भएका समाज, प्रकृति, आर्थिक अवस्था, प्रेम र विरहका अभिव्यक्ति कृषि सम्बन्धी वर्णन नीति एवम् उपदेशात्मकता आदिका विषयवस्तु समेटेर लोकगीत गाएको पाइन्छ । यस कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीतलाई विषयवस्तुका आधारमा निम्नानुसार चर्चा गर्न सकिन्छ ।

#### ४.८.१ प्रकृति चित्रण

लोकगीतमा प्रकृतिको चित्रण गरिएको हुन्छ । कुश्मा क्षेत्रमा गाइने अधिकांश लोकगीतमा प्रकृति चित्रण भएको पाइन्छ । यहाँका लोकगीतले लेकमा ढकमक्क फुल्ने लालीगुराँस, धवलागिरि, माछापुच्छ्रे हिमाल, पाखापखेरा आदिको वर्णन गरेका हुन्छन् । पानी

पँधेरो, वनपाखा, भञ्ज्याङ, डाँडाकाँडा, देउराली, पुल, मोदीवेनी आदिलाई विषयवस्तु बनाएर आफ्नो भावना यसरी गीतमार्फत् पोख्ने गर्दछन् ।

*क्या राम्रो वनचरी बस्यो हिमालमा*

*खुसीको खबर आयो नेपालमा ।*

òòò òòò òòò

*मेरो माया आउछ कि भनेर*

*भीरको बाटो सम्मै छ खनेर ।*

(बाह्रमासे, एकोहोरी गीत) ।

कुश्मा क्षेत्रमा यहाँका वनपाखा, खोलानाला र खेती किसानी गर्दाका विभिन्न विषयलाई विषयवस्तु बनाएर आफ्ना मनका अभिव्यक्ति भाकामा पोख्ने गर्दछन् । हेरौं यसै सन्दर्भको एक टुक्रा :

*हावाले झार्ने पतझर झैं*

*ओइलेर जाने फूल झैं*

*यस्तो पनि के जीवन ?*

*भन्दे न ए मेरो मन ।*

(बाह्रमासे, एकोहोरी गीत) ।

### ४.८.२ प्रेम र विरहको अभिव्यक्ति

कुश्मा क्षेत्रका गीतमा प्रेमिप्रेमीका बीचको मिलन र विछोडको अभिव्यक्ति पाइन्छ । जीवनकालमा विभिन्न उदारचढाव आउन सक्छन् । कुनै वेला हाँसो, खुसी आइपर्दछ भने कुनै वेला पीर, मर्का, वेदना, विरहको समय आउन सक्छ । खुसीका क्षणमा प्रेमयुक्त मनोरञ्जनात्मक गीत गुनगुनाइन्छन् । दुःखको क्षणमा विरहयुक्त गीत गुनगुनाइन्छ यसरी :

*झरनाको छेऊमा बसी मीठो गीत गाउँदै*

*पीपलुको छहारीमा चोखो प्रीत लाउँदै*

*लालीगुराँस फुले जस्तो लेकको उकालोमा*

*राखी तिम्लाई देखाऊ जस्तो लाग्छ अँगालोमा ।*

(बाह्रमासे, एकोहोरी गीत) ।

लोकगीतमा प्रायः युवायुवतीका प्रेम बस्दाको अभिव्यक्ति पाइन्छ । यो मात्र होइन बाबुआमा, छोराछोरी, परिवारलाई छाडेर टाढा बस्दाका अवस्थाका साथै श्रीमान् परदेश जाँदाको पीडादायक अभिव्यक्ति पनि लोकगीतमा पाउन सकिन्छ ।

*सरर्र मुग्लान काटेर*
*फर्की घर आउनेछु पियारी*
*पसिनाले पैसा साटेर*

(बाह्रमासे, एकोहोरी गीत) ।

लोकगीतमार्फत् माया प्रेममा धोका पाएका युवायुवतीको अभिव्यक्ति पनि पाउन सकिन्छ । साथै, आफ्नो श्रीमान् परदेश गएपछि उसैको यादमा छटपटिएकी श्रीमतीको वेदना पनि पाउन सकिन्छ ।

*कसरी भनौ छोडी गयौ ?*
*यो मन भरी छाएका छौ*
*साँझ बिहान हरक्षण तिमी*
*वाडुल्की भै आएका छौ* (बाह्रमासे, एकोहोरी गीत) ।

मान्छेको जीवन प्रेमपूर्ण छ । जीवनका हरेक पक्षमा प्रेम अभिव्यक्त भएको हुन्छ । यसैले गर्दा कुश्मा क्षेत्रमा प्रचलित लोकगीतमा पनि प्रेम पक्ष सवल रूपमा प्रस्तुत भएको पाइन्छ । यसरी यस क्षेत्रका लोकगीतमा लोकजीवनका विभिन्न परिस्थितिजन्य प्रेम र विरहका अभिव्यक्ति पाइन्छ । प्रेम, विरह, धन कमाउन परदेश जादाको विषयवस्तु आदिलाई लोकभाकामा गुन्गुनाउने गरेको पाइन्छ ।

### ४.८.३ कृषि सम्बन्धी वर्णन

कुश्मा क्षेत्रका लोकगीतमा खेतीपाती, वालीनाली कृषि सम्बन्धी वर्णन पाइन्छ । यहाँका मानिसले विभिन्न पेशा, व्यावसाय गरे पनि कृषि पेसामा आवद्ध रहेको पाइन्छ । कृषिप्रधान देश भएकाले लोकगीतमा कृषि सम्बन्धी वर्णन पनि हुने गर्दछ । वनपाखा, खेतीपाती गर्दा, वस्तु हेर्न जादा आफ्ना मनमा लागेका कुराहरू गीतमार्फत् गुनगुनाउने गर्दछन् । यसरी:

*ऐलेको धान कोदो गोडेर*
*गयौ कान्छा कान्छीलाई छाडेर ।*

*पहाडको सेरोफेरो वादलुको घेरो*

*वादलसँगै दौडेको छ आज मन मेरो*

òòò òòò òòò

*मंसिरमा धानको कुनीम*

*कुनीम कुर्दै बसेकी छुनी म*

òòò òòò òòò

*जुनी वित्यो वनपाखा धाउँदै*

*घाँस, दाउरा, गाईबाखा चराउँदै*

òòò òòò òòò

*वर्खा लाग्यो खेती र वाली*

*हिउँद लागे लगाउँला पिरती*

(कर्म गीत) ।

यसरी यस क्षेत्रका मानिसले घाँस, दाउरा गर्दा खेतीपाती गर्दा, गाईवस्तु चराउँदाका विभिन्न अवस्था र परिवेशका कुरालाई विषयवस्तु बनाएर आफ्ना मनका अभिव्यक्ति गीतमार्फत् दिएको पाइन्छ ।

### ४.८.४ धर्म संस्कृतिको चित्रण

कुश्मा क्षेत्रका मानिसले देवीदेवता, भूतप्रेत पुनर्जन्म आदिमा विश्वास गर्दछन् । देवीदेवताको पूजाआजा गरेमा पुण्यलाभ हुन्छ भन्ने कुरामा विश्वास गर्दछन् । यसैक्रममा डुम्रे, सिद्धबराह, देउराली आदिको स्थापना गरी वेलावेलामा पूजाआजा गर्ने चलन छ । भजन कीर्तन पनि गरिन्छ । यसरी पूजाआजा गर्दा तथा भजन कीर्तन गर्दा गाइने गीतमा धर्म-संस्कृतिको चित्रण भेटिन्छ । जुन गीतको नमूना यस प्रकार उल्लेख गर्न सकिन्छ :

*दसैं र आयो तिहारै आयो निरजाले गोठमाथि तोरन*

*सुखिया रिमै दुःख पाउने मिमै निरजाले आजै भयो जोरन*

*मोदी र विनी यो तिरिथैमा निरजाले घाम र लाग्दैन*

*साथी र सँगी विछोड हुँदा निरजाले रमाइलो लाग्दैन ।*

*एउटा सुन्दर घर मागेको छु*

*तिम्लाई कहिल्यै रुवाउन नपरोस् भनेर वर मागेको छु* (धार्मिक गीत) ।

### ४.८.५ नीतिशिक्षा वा उपदेश

समाजमा रहेका परम्परागत मूल्य, मान्यता र संस्कृतिलाई जोगाई शिष्ट र सभ्य समाजको निर्माण गर्ने कार्यमा नीति शिक्षा वा उपदेशले ठूलो भूमिका खेलेको हुन्छ । समाजमा रहेका खराब प्रवृत्ति जाडरक्सी सेवन, जुवातास आदि कुसंस्कार हटाउन नीति शिक्षाको महत्त्वपूर्ण भूमिका हुन्छ । लोकगीतमार्फत् पनि समाजमा रहेका कुप्रवृत्ति हटाउन सहयोग पुग्दछ भन्दै कुश्मा क्षेत्रमा नीति शिक्षा तथा उपदेशमूलक निम्न गीत गाउने गरेको पाइन्छ :

*नखाऊ हजुर रक्सी चुरोट*
*नखेलौ है तास ।*
*तास खेल्दा हुन्छ हजुर*
*हाम्रो वनीवास ।*
*जति धन गए पनि*
*आउला भन्ने आस ।*
*जुवा खेल्दा कतिको त*
*भयो बनी वास ।*

### ४.८.६ आर्थिक चित्रण

कुश्मा क्षेत्रका मानिस धेरै जस्तो व्यापार व्यवसायमा संलग्न छन् । केही मानिस व्यवसाय सँगसँगै आफ्नो जीवनयापनका लागि व्यावसाय, कृषि र जागिर पनि गर्दछन् । यो क्षेत्र कुश्मा सदरमुकाम भएकाले यहाँ विभिन्न सङ्घसंस्था साथै सरकारी कार्यालय बढी मात्रामा भएकाले जागिरेको संख्या पनि बढी छ । केही रोजगारीका लागि विदेश पनि गएका छन् । यहाँ विभिन्न आर्थिक अवस्था भएका मानिसको बसोवास रहेको छ ।

यहाँका निम्न वर्गका मानिस धनी मानिसको अधिँया गरेर वा खेतालो मेलापात गरेर आफ्नो जीवन धान्ने गर्दछन् । चाडपर्व वा अप्ठ्यारोमा परेको समयमा साहुसँग ऋण लिने

गर्दछन् । ऋण तिर्न नसकेर कोही विदेश गएका पनि हुन्छन् । यिनै विभिन्न कारण वा परिस्थितिलाई आधार बनाएर कुश्मा क्षेत्रमा लोकगीतको सिर्जना यसरी भएको पाइन्छ :

*छोरो विरामी यही बेला भइदियो ।*
*लैनो भैंसी साहुले लैदियो ।*

òòò òòò òòò

*धन कमाउन जान्छु म पियारी*
*बस तिमी बाल बच्चा सियारी ।*

òòò òòò òòò

*सरर मुग्लान काटेर*
*फर्की घर आउनेछु पियारी*
*पसिनाले पैसा साटेर ।*

(बाह्रमासे, एकोहोरी गीत) ।

## ४.९ कुश्मा क्षेत्रका लोकगीतमा प्रयुक्त लय विधान

कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीतमा लयगत विविधता भेटिन्छ । लय भनेको लोकगीतको प्राण हो । लयका मुख्य गरी तीन भेद रहेका हुन्छन् । द्रुत लय, मध्यम लय र बिलम्बित लय । कुश्मा क्षेत्रका लोकगीतमा प्रायः तीनै किसिमका लयको प्रयोग भएको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**द्रुत लय :** छिटो छरितो तरिकाले गाइने लयलाई द्रुत लय भनिन्छ । सामान्यतया दुई चरणका झ्याउरे गीतहरू, चुड्का, भजन आदिमा द्रुत लयको प्रयोग गरिएको हुन्छ ।

*फूल टिपी जाउला*
*मन्दिरमा चढाउला*
*मैले चिनिन कि*
*रामकी सीता हैनौ कि*

*(धार्मिक गीत)* ।

**मध्यम लय :** गायक गायिकाले छिटो पनि नगाई ढिलो पनि नगाई मध्यम तरिकाले गाइने लयलाई मध्यम लय भनिन्छ । दुई वा सो भन्दा बढी चरणमा संरचित गीतलाई मध्यम

लयमा गाइन्छ । यस क्षेत्रका सालैजो, देउसी, भैलो, एकोहोरी, दोहोरी गीतलाई मध्यम लयमा गाएको पाइन्छ । जस्तै :

*मेरो माया कहाँ पुग्यो होला*
*दिनमा हुने सूर्यलाई थाहोला ।*
*सपनीमा व्यभ्काउन आउँनी*
*विपनीमा मुख देख्न नपाउँनी ।*

*(बाह्रमासे, एकोहोरीगीत)* ।

**बिलम्बित लय** : यो लय गायक गायीकाबाट लेग्रो तानेर ढिलो गाइन्छ । यस्ता गीतका संरचना मध्य र द्रुत लयका जस्तै हुन्छन् । यस लयको गीत गायनप्रक्रिया अत्यन्त ढिलो हुन्छ । शान्त स्वभावले रात काट्न यस लयको प्रयोग हुन्छ । यस क्षेत्रका यस अध्ययन पत्रमा परेका सबै गीतमध्ये वारमासे गीत, जेठेगीत, असारे गीतका लय पर्दछन् ।
जस्तैः

*केटाः मारुनी चाला, स्याउ जस्ता गाला राम्री छौ हजारमा*
*लेककी नानी के कामले होनी आएकी बजारमा*
*केटीः चिनेभ्कै गरी जालमाया छरी बोल्दैछौ त्यसरी*
*अर्काकी छोरी बेटीलाई तिमी नजिस्काउ यसरी ।*

(बाह्रमासे दोहोरी गीत) ।

## ८.१० कुश्मा क्षेत्रमा प्रचलित लोकगीतका विशेषता

प्रस्तुत अध्ययन पत्रमा उल्लेखित लोकगीतलाई अध्ययन गर्दा छुट्टै प्रकारका विशेषता पाउन सकिन्छ । प्रायः गरेर कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीतमा प्रश्नोत्तर शैलीमा दोहोरी चल्दै आएको पाउन सकिन्छ । धार्मिक, पर्व, कर्म, संस्कार होस् या बाह्रमासे सबै गीतमा विभिन्न समय सन्दर्भमा प्रश्नोत्तरात्मक शैलीमा गीतलाई प्रस्तुत गर्ने गरेको पाइन्छ यो कुश्मा क्षेत्रका लोकगीतको मौलिक विशेषता हो ।

लोकगीत मौखिक परम्परामा जीवित रहनु लोकगीतको अर्को विशेषता हो । यस क्षेत्रमा प्रचलनमा रहेका लोकगीत प्रायः मौखिक परम्परामा मात्रै सीमित रहेका छन् । पछिल्लो समय क्रमसँगै विभिन्न प्रविधिको विकास भएको पाइन्छ । यसैगरी, मनोरञ्जनको सर्वसुलभ माध्यम लोकगीत बन्दै आएका छन् भने गीत पुनरावृत्ति हुनु यथार्थरूपमा

सामाजिक परिवेशको चित्रण हुनु, परिवर्तन हुदै आउनु, सामूहिक भावनाको चित्र देखिनु, स्थानीयता र जातीयताको प्रभाव देखिनु यस क्षेत्रका लोकगीतका विशेषता हुन् ।

धार्मिक गीतमा देवी-देउता र भगवान्प्रतिको विश्वास देखिनु आम नेपाली दाजुभाइ दिदीबहिनीको संस्कार बनेको छ त्यसै कारणले गर्दा पनि यस क्षेत्रका गीतमा पनि त्यो प्रभाव पाउन सकिन्छ । कतिपय स्थानका लोकगीतमा स्थानीय भाषाको प्रभाव देखिन्छ । उक्त गीतमा भाषिकागत विभेदले गर्दा उच्चारणमा पनि फरक र लवजमा पनि पृथकता निम्त्याएको पाउन सकिन्छ ।

लोकगीतका लोकजीवनका सन्दर्भ मात्रै होइन, आफ्नो व्यक्तिगत, पारिवारिक, घरायसी जीवनका सन्दर्भ पनि लोकगीतमा आएका हुन्छन् । गीतमा शोषण र दमनको विरोध झल्किनु पनि यस क्षेत्रका लोकगीतका प्रमुख विशेषता मान्न सकिन्छ । यी र यस्ता गीतमा सासुले बुहारीलाई, श्रीमान्ले श्रीमतीलाई, जेठानीले देउरानीलाई शोषण गरेका । दमन गरेका सन्दर्भलाई अभिव्यक्त गरेको पाइन्छ । कतिपय लोकगीतमा गीतको परिवेश, क्षेत्र रस्थानीयताले पनि प्रभाव पारेको पाइन्छ । यस्तै, त्यस क्षेत्रमा बसोबास गर्ने जनसंख्या, बसोबास गर्ने जातजातिको जातीयताको प्रभाव पनि लोकगीतमा पर्न जान्छ । कुश्मा क्षेत्रका लोकगीतमा पनि त्यो प्रभाव देख्न सकिन्छ ।

विगतमा लोकगीत संगीत विना गुन्गुनाउने मात्र गरिन्थ्यो । पछिल्लो समय ती गीतमा श्रव्यवाद्यकोसमेत प्रयोग हुन थालेको पाइन्छ । कुश्मा क्षेत्रमा पनि त्यो परम्पराको विकास हुँदै आएको छ । विभिन्न मेला महोत्सवमा गाउने दोहोरी गीतमा विभिन्न प्रकारका बाजागाजा, वाद्य सामग्रीको प्रयोग गरी गीतलाई संगीतमय बनाउँदै आएको पाइन्छ । रेडियो, टेलिभिजनलगायतका सञ्चारका माध्यमले पनि पछिल्लो समय लोकसंस्कार, संस्कृतिको संरक्षणका लागि विभिन्न प्रकारका लोकदोहोरी गीत प्रतियोगिता आयोजन ागर्ने र त्यस्ता आयोजनामा वाद्य सामग्रीको प्रयोग गर्दै आएको पाइन्छ । यो पनि कुश्मा क्षेत्रका लोकगीतको एउटा विशेषता मान्न सकिन्छ । हाम्रा लोक संस्कार संस्कृतिको संरक्षणका नाममा हुने विभिन्न गायन प्रतियोगिता र कार्यक्रममा फरक-फरक भाका भए पनि गीतका शब्द घुमाई फिराई दोहोऱ्याएको देख्न सकिन्छ । यस्तै रसात्मक आनन्द प्राप्ति र मनोविकारको विवेचना पनि लोकगीतमा भएको पाइन्छ । यसरी कुश्मा क्षेत्रका लोकगीतलाई हेर्दा नेपालका अन्य क्षेत्रमा प्रचलनमा रहेका लोकगीतमा जे जस्तो विशेषता रहेका छन् ती प्रचुर मात्रमा पाउन सकिन्छ ।

## ८.११ कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको भाषा

भाषा सञ्चारको एक मात्र माध्यम हो । अहिलेको समयमा भाषा विना कुनै कुराको पनि आदानप्रदान सम्भव हुँदैन । लोकगीत पनि भाषाविना अपूर्ण नै हुन्छ वा लोकगीत हुन सम्भव नै हुँदैन । लोकगीतले पनि भाषाको प्रारम्भिक रूपदेखि लिएर आधुनिक रूपको पनि झझल्को दिने गर्दछ त्यसैले लोकगीतको अध्ययन गर्न भाषाको आवश्यकता पर्दछ । लोकगीतको अध्ययन विश्लेषण गर्दा भाषाको पनि अध्ययन गर्न अति आवश्यक ठहरिन्छ । कुश्मा क्षेत्रमा ब्राह्मण, क्षत्री, गुरुङ, कामी, दमाई, दुरा, सार्की, घर्ती, मगर, मुस्लिम आदि जातिहरूको बसोबास पाइन्छ । यिनीहरूको विचार विनिमयको माध्यम पनि नेपाली भाषा नै हो तर विभिन्न जातिका मातृभाषाले गर्दा उच्चारणमा फरक पर्ने गर्दछ ।

वास्तवमा लोकजीवनको रागात्मक स्वतः स्फुर्त अभिव्यक्तिलाई लोकगीत भनिन्छ । यो लोक हृदयबाट निस्केको यथार्थ एवम् सहज अभिव्यक्ति पनि हो । त्यसैले लोकगीतमा स्तरीय भाषा भन्दा सामान्य बोलीचालीमा प्रयोगमा ल्याउने कथ्य भाषाको प्रयोग भएको पाइन्छ । यस क्षेत्रका लोकगीतमा पनि बौद्धिक एवम् स्तरीय भाषाभन्दा सामान्य बोलीचाली गर्दा प्रयोगमा हुन आउने सामान्य कथ्य भाषाको प्रयोग पाइन्छ । हेरौं केही टुक्रा गीतलाई :

हे लामो पुलको छेवैंमा दिनुभयो बाबाले
चल्दैन रेल मोटर म कसरी जाम

××× ××× ×××

पैसा छैन भनेर नरोऊ चेली धुरूरू
मोटरमा चढेर आउली खुरूरू

प्रस्तुत दुई टुक्रा पर्व गीतलाई हेर्दा गीतको पहिलो टुक्रामा छेऊलाई छेवैं, जाऊलाई जाम भनिएको पाइन्छ । यस्तै, दोस्रो टुक्कामा धुरुधुरुलाई धुरुरु र खुरुखुरुलाई खुरुरु भनिएको छ । यसरी यी दुई टुक्रा गीतमा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका झर्रा र कथ्य शब्दको प्रयोग भएको पाइन्छ ।

यसैगरी यस क्षेत्रमा प्रचलनमा रहेका हेरौं कर्मगीतमा दुई टुक्रा :

कहाँमा गइन तिमरी नन्द एकलै घैंया गोड्छ्यौं नी हौ
कहाँमा गइन तिमरी देउरानी एकलै घैंया गाड्छ्यौं नी है

××× ××× ×××

भुमे भैरम दिम्ला दूध धारा, धुप दीप चढाउला सारा
हो हो माडो हो, पराल छिटो फाडो

प्रस्तुत कर्म गीतको पहिलो टुक्रामा कहाँलाई कहाँमा, तिम्रीलाई तिमरी एक्लैलाई एकलै भनिएको छ । यसैगरी दोस्रो टुक्कामा भैरवलाई भैरम, दिउँलालाई दिम्ला भनेर भनिएको छ । यी सबै गीतमा प्रस्तुत भएका भाषा यस क्षेत्रका मौलिक भाषा हुन् । जुन भाषालाई भाषिकागत विभेदले प्रभाव पारेको र यहाँको मौलिक लोक परम्पराले प्रभाव पारेको पाइन्छ । यस्तै यस क्षेत्रमा प्रचलनमा रहेका एकोहोरी, दोहोरीलगायतका गीतमा पनि त्यो भाषा पाउन सकिन्छ जस्तै हेरौं एक टुक्राः

कोही पूर्वका कोही पश्चिमका सईंसाथी भेटियो
यो मनको तिर्सना बल्ल पो मेटियो
खोला पारी पुग्यो माझीदाइ
साइली यो जुनीमा सारै नै ठगेछ बाइ ।

प्रस्तुत गीतमा सँगीसाथीलाई सईं भनिएको छ भने गीतको अनुप्रास मिलाउने क्रममा दाइ र बाइ भनिएको छ । यो बाइ भन्ने शब्द कुश्मा क्षेत्रमा प्रचलनमा रहेका शब्दका रूपमा लिन सकिन्छ ।

यसरी प्रस्तुत अध्ययन पत्रमा यस कुश्मा क्षेत्रका लोकगीतमा यहाँका सामाजिक, आर्थिक, धार्मिक, प्राकृतिक आदि पक्षको सुन्दर चित्रण गरिएको छ । नैतिक उपदेश दिने खालका सन्देशात्मक विषयवस्तु पनि यहाँका गीत हृदयलाई छुन सफल छन् भन्ने अनुप्राय उपमा, सन्देश, स्वाभाविक जस्ता तुल्याएको पाइन्छ । साथै झ्याउरे, मुक्त, शार्दूलविक्रीडित, सवाई आदि छन्दको प्रयोग पनि अत्यधिक रूपमा पाइन्छ । भाषाका विभिन्न भाषिकाको प्रभाव परे पनि मुख्य रूपमा यहाँका लोकगीतमा नेपाली भाषा नै प्रयोग भएको पाइन्छ ।

## ८.१२ निष्कर्ष

लोकसाहित्य भित्रको सर्वाधिक चर्चित विधा लोकगीत हो । लोकगीतका विभिन्न उपभेद रहेका छन् । जसमध्ये धार्मिक, पर्व, कर्म, संस्कार र बाह्रमासे । प्रस्तुत अध्ययन पत्रमा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका यिनै गीतका बारेमा अध्ययन तथा विश्लेषण गर्ने कार्य भएको छ । धार्मिक गीतमा विभिन्न प्रकारका भजन गाउने गरेको पाइन्छ । भजन लोकगीत भित्रको एक गीत हो । यस क्षेत्रमा गाइने भजन मूलतः देवीदेवतासँग सम्बन्धित

छन् । तिनै भगवान्‌को गुणगान गर्दै रसिलो र लयात्मक ढंगबाट गाउने हुँदा यहाँ भजन गाउने चलन तागाधारी समुदायमा बढी देखिन्छ ।

गण्डकी अञ्चलका साथै बाग्मती र धवलागिरिका विभिन्न जिल्लामा भजनको प्रभाव परेको देख्न सकिन्छ । पर्वतको कुश्मा क्षेत्रका साथै त्यसको नजिकका ग्रामीण बस्तीमा यहाँ परम्परादेखि चलि आएका भजनका अंशहरू केही मात्रामा मिल्दा जुल्दा नै छन् । ती भजनहरू त्यहाँका जनसमुदायका मुखमा मात्रै सीमित रहेका छन् । खास गरेर बुढापाका भएका व्यक्ति मरेर गए भने हराउँदै जाने अवस्था देखिन्छ । यसैगरी नेपाली समाजमा ऋतुकालिन चाडपर्वमा, विभिन्न श्रम गर्दा, विभिन्न संस्कारमा गाउने विभिन्न गीत पनि यस क्षेत्रमा निकै फस्टाउँदै गएको पाउन सकिन्छ । यिनै गीतका बारेमा जानकारी प्राप्त होस् भन्नका लागि र लोकगीतको थोरबहुत भए पनि संरक्षण होस् भनेरै प्रस्तुत अध्ययन पत्र तयार गारिएको हो ।

प्रस्तुत अध्ययन पत्रको मुटु भनेको पनि यही परिच्छेद भएको हुँदा कुश्मा क्षेत्रका लोकगीतको सङ्कलन, अध्ययन र विश्लेषण गर्ने कार्य यसै परिच्छेदमा गरिएको छ । जसअन्तर्गत कुश्माका लोकगीतको वर्गीकरण, कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीतको सङ्कलन गरेर परिशिष्ट खण्डमा समावेश गर्दै उक्त गीतको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

यसरी यस क्षेत्रका लोकगीतको अध्ययन गर्दै जाँदा के भन्न सकिन्छ भने, कुश्मा क्षेत्र लोकसाहित्यको, लोकगीतको उर्वर भूमि हो । यहाँको लोकसंस्कृतिको संरक्षणका लागि पछिल्लो पुस्ता क्रियाशीलताका साथ लाग्नुपर्ने देखिन्छ ।

# पाँचौ परिच्छेद

# उपसंहार

कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन नामक प्रस्तुत अध्ययन पत्रमा मूलतः नेपाली लोकगीतका क्षेत्रमा कुश्माको चिनारीलाई प्रस्तुत गरिएको छ । त्यसैगरी यस क्षेत्रका गीतहरूको सङ्कलन, वर्गीकरण र अध्ययन गरी ती गीतमा अभिव्यक्त विविध पक्षको अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ ।

## ५.१ सारांश

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत सबैभन्दा बढी मन पराइएको विधा हो । यसको साङ्गीतिक जादुले लोक र लोकका जनतालाई लठ्याइदिन्छ । लोकगीतभित्र त्यस क्षेत्रका क्षेत्रगत वैशिष्ट्य झल्किने गर्दछन् । यस अध्ययन पत्रमा विभिन्न परिच्छेदको क्रम, उपक्रम विभाजन गरी कुश्मा क्षेत्रका लोकगीतको अध्ययन र विश्लेषण गर्ने काम गरिएको छ । पहिलो परिच्छेदमा अध्ययन परिचय शीर्षक उल्लेख गरी यस अध्ययन पत्रको परिचय दिँदै अध्ययनको आवश्यकता र औचित्य पुष्टि गरिएको छ ।

अध्ययन पत्रको दोस्रो परिच्छेदलाई गीतको सैद्धान्तिक चिनारी नामाकरण गरी लोकसाहित्यको सामान्य चिनारी, लोकसाहित्यका विधा, लोकगीतको चिनारी, लोकगीतका प्रकार लोकगीतको परिभाषा, लोकगीतका प्रमुख तत्त्वहरू आदिको सामान्य चिनारी गराउँदै त्यस परिच्छेदभित्र रहेका बुँदाका निष्कर्षसमेत दिइएको छ ।

अध्ययन पत्रको तेस्रो परिच्छेदमा कुश्मा क्षेत्रको सङ्क्षिप्त परिचय यस क्षेत्रका गीतको अध्ययन, वर्गीकरण, विषयवस्तु र भावको चर्चा गरिएको छ । यस्तै, अध्ययन पत्रको चौथो परिच्छेदमा कुश्मा क्षेत्रमा प्रचलनमा रहेका लोकगीतको सङ्कलन, अध्ययन र विश्लेषण गरिएको छ । यस क्षेत्रमा गाइने गीतलाई वर्गीीकरण गरेर विश्लेषण यसै अध्यायमा गरिएको छ । जुन अध्याय यस अध्ययन पत्रको मुटुसमेत हो भन्न सकिन्छ । यस क्षेत्रमा प्रचलनमा रहेका गीतमध्यको पर्वगीतमा तीजेगीत, मालसिरि, भैलो, देउसी गीत पाइन्छन् । यसैगरी, कर्मगीतमा जेठेगीत, असारेगीत, दाइँगीत पर्दछन् । संस्कार गीतमा ख्याली, सिलोक आदि रहेकाले सोही अनुरूप वर्गीकरण गरिएको छ । यी गीतमध्ये झ्याउरे र

दोहोरी गीत यस क्षेत्रमा लोकप्रिय हुँदै प्रेम, विरह, दुःखसुख समाजका संस्कृति परम्परा तथा नविन युगका विविध उजागर गर्दै लोकलयमा गुञ्जित भएको देखाइएको छ । यस क्षेत्रका कर्म गीतमा कर्मशिलताको परिचय पाउन सकिन्छ । त्यसैगरी असारे गीतमा झरी बादल, असिनापानी, बाढी पहिरोको प्रवाह नगरी अन्न प्राप्तिको अभिलाषाले सबै दुःख दर्द बिर्सिएर बिहानदेखि बेलुकासम्म काम गरी भविष्यप्रतिको आशावादी कर्मयोगी किसानको प्रवृत्ति हास्यव्यङ्ग्यको माध्यमद्वारा खेती गर्दाको दुःख बिर्सनको लागि गाइएका गीतको चित्रण पाइन्छ । बालगीतमा बालबालिकाको अवोध चञ्चलता, सरलता र पवित्रता झल्किन्छ । तीजे गीतको झल्को दिन नारीको व्यथा, शोषण, बेदना, दमन आदिको उल्लेख गर्दै नगरी शोषण, दमनबाट मुक्ति, नारी समानताको चाहना र हक र अधिकार प्राप्तिको चाहना आदि विषयवस्तु अँगालेर तिजको गीत गाएको पाइन्छ । यस गीतमा नारी एकताको लागि सन्देश पनि दिएको छ । हिन्दूहरूको महत्त्वपूर्ण चाड दसैं, तिहारमा गाइने देउसी, मालसिरि, भैलो गीतहरूले लोक-संस्कृतिको जगेर्नामा सहयोग पुऱ्याउँछन् र लोकजीवनको परम्परालाई जीवन्त राख्दछ । यस कुश्मा क्षेत्रका गीतहरूमा स्वतः स्फुर्त रूपमा गाइएका गीतमा मानवीय भावनाका साथसाथै साहित्यिक विशेषता पनि विद्यमान छन् । क्रमिक रूपमा साहित्यिक प्रयोजनका निम्ति नभए पनि स्वतस्फुर्त भएका, वीररस, शृङ्गार रस, करुण रस, हास्य रस, वक्रोक्ति, उपमा, अनुप्रास रूपक अतिशयोक्ति आदि अलङ्कार र विभिन्न छन्द जस्तै झ्याउरे, सवाइँ जस्ता छन्द, अलङ्कार रस आदिको प्रयोग गरिएको छ ।

स्थानीय गायकले गाएका लोकलयमा आधारित अभिव्यक्ति नै कुश्मा क्षेत्रका लोकगीत हुन् । यहाँका लोकगीत भित्र लोक जीवनका सुख, दुःख, माया, प्रेम, हाँसो, ठट्टा, विरह, वेदना आदिको झल्को पाइन्छ । लोकगीतले यस क्षेत्रको धार्मिक सांस्कृतिक, आर्थिक, सामाजिक, भौगोलिक अवस्था तथा जीवनशैलीको प्रतिबिम्ब देखाएका छन् । यस क्षेत्रका लोकगीतले एक व्यक्तिदेखि अर्को व्यक्ति तथा एक पुस्तादेखि अर्को पुस्तामा सर्दै आफ्नो अस्तित्व कायम गर्ने अवसर प्राप्त गरेको पाइन्छ । कुनै घटना विषयवस्तु वा प्रसङ्गलाई टपक्क टिपेर सहज र स्वतस्फुर्त रूपमा लोक जीवनको भावुक हृदयबाट छचल्किदै पोखिने र सङ्गीतात्मक लयमा तरङ्गिँदै वनपाखा देउराली, भञ्ज्याङ, मेलापात, चौतारीहरूमा गुञ्जिने यी लोकगीत केवल परम्परा संस्कृति र रीतिरिवाजका बाहक मात्र नबनेर आधुनिक सभ्यताको विकासको निम्ति पनि सन्देश दिन सफल छन् ।

### ५.२ निष्कर्ष

कुश्मा क्षेत्रका गीतलाई हेर्दा गीत सङ्कलन तथा अध्ययनको क्रममा गीतका विभिन्न लय, भाका र स्वरूप प्राप्त गर्न सकिन्छ । गायकको कला र गलाको उचित संयोजन भएमा मात्र गीत साङ्गीतिक जादु बन्न सक्छ । उही एउटै गीतका छुट्टाछुट्टै र फरक-फरक लय र भाका हुन सक्छन् । निष्कर्षमा भन्नुपर्दा यस कुश्मा क्षेत्रका लोकगीतसँग प्रस्तुत अध्ययन पत्रले यस क्षेत्रमा प्रचलित दोहोरी, भजन, बालगीत, असारे, ठाडोभाका सालैजो लोकगीतको सङ्कलन र अध्ययन गरिएको छ । सामाजिक, आर्थिक, प्राकृतिक समानता जस्ता विविध विषयवस्तुको गतिविधि बारे बुझ्न खोज्नेका लागि भौगोलिक वा सामाजिक पक्षका जानकारी उपलब्धी लिन र यस क्षेत्रको लोकगीतको अध्ययन गर्न चाहने भावी पुस्ताको लागि आवश्यक पर्ने आधार सामग्रीका रूपमा प्रयोग भई लोकगीतको संरक्षणमा केही सहयोग पुग्न सक्ने आशा लिइएको छ । कुश्मा क्षेत्र लोकसाहित्यका लागि साच्चै उर्वर क्षेत्र रहेको छ । यहाँ लोकसाहित्यका सबै विधाहरूको अध्ययन र सङ्कलन गर्न सकिने सम्भावना छ ।

# सन्दर्भ सूची

अधिकारी, विश्वप्रेम (२०५८), **पश्चिमाञ्चलका लोकगीत र परम्परा,** स्याङ्जा : विजयकुमार अधिकारी

अज्ञात, कपिल (२०६७), **नेपाली लोकसाहित्य प्रवृत्ति र अन्वेषण**, काठमाडौं : शब्दार्थ प्रकाशन ।

कर्मा लीलासिंह, (२०२३), **हाम्रो लोकसाहित्य** सिन्धुली गढी : लेखक स्वयम् ।

गिरी, जीवेन्द्रदेव (२०५७), **लोकसाहित्यको अवलोकन**, काठमाडौं : एकता प्रकाशन ।

चापागाइँ, भुपेन्द्र (२०६३), **भुकमा प्रचलित लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण** अप्रकाशित स्नातकोत्तर शोधपत्र पृथ्वीनारायण क्याम्पस, पोखरा ।

जिल्ला विकास समिति (२०७४), **वस्तुगत विवरण**, पर्वत : जिल्ला विकास समिति ।

जोशी, सत्यमोहन (२०१३), **हाम्रो संस्कृति** काठमाडौं : रत्न पुस्तक भण्डार ।

..................... (२०१४), **नेपाली लोक संस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज (२०३०), **गण्डकीका सुसेली,** काठमाडौं : साझा प्रकाशन ।

.................... (२०२३), **मेरो नेपाली भ्रमण**, पोखरा ।

.................... (२०४१), **लोकसाहित्यको घेरामा,** काठमाडौं : साझा प्रकाशन ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), **नेपाली साहित्यको विवेचना,** काठमाडौं : पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०४४), **पैयुँखोले लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण** काठमाडौं : नेपाली केन्द्रीय विभाग ।

..................... (२०६०), **धवलागिरि अञ्चलमा प्रचलितत लोकगीत : एक अध्ययन** (अनुसन्धान) काठमाडौं : विश्वविद्यालय अनुदान आयोग ।

..................... (२०७०), **नेपाली लोकगीत,** पोखरा : फिस्टेल पब्लिकेसन ।

पन्त, कालिभक्त (२०२८), **हाम्रो साँस्कृतिक इतिहास,** स्याङ्जा : लेखक स्वयम ।

पराजुली, कृष्णप्रसाद (२०४४), **नेपाली लोकगीतको आलोक र विश्लेषण**, काठमाडौं : वीणा प्रकाशन ।

...................(२०५७), **नेपाली लोकगीतको आलोक र विश्लेषण** काठमाडौं : वीणा प्रकाशन ।

पराजुली, मोतीलाल र जीवेन्द्रदेव गिरी (२०६८), **नेपाली लोकसाहित्यको रूपरेखा,** ललितपुरः साझा प्रकाशन

पोखरेल, बालकृष्ण र अन्य (२०४०), **नेपाली बृहत् शब्दकोश,** काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

**पृथ्वी वाङ्मय**, पोखरा : नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस ।

बन्धु, चूडामणि (२०७१), **नेपाली लोकसाहित्य** (ते.सं.), काठमाडौं : एकता बुक्स ।

................ (२०६०) **नेपाली साहित्यको इतिहास (प्रथम खण्ड),** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

लोहनी, लक्ष्मण (२०१३), रोदीघर, काठमाडौं : लोकगीत प्रकाशन भण्डाल ।

शर्मा, मोहनराज र अन्य, (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं : पुस्तक भण्डार काठमाडौं ।

परिशिष्ट खण्ड : क

# कुश्मा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन

## १ धार्मिक गीत

### क. गणेश कीर्तन

जय गणेश, जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥१ ॥

लडाईमा शिवजीले काटिदिए शीर ।
छोरो मोऱ्यो भनि पऱ्यो पार्वतीलाई पीर ।
शरीरमा गज शीर ल्याई जोडी दिए ।
ब्रह्मा विष्णु लगायत उपस्थित थिए ॥

॥२ ॥

जय गणेश, जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥३ ॥

गणेश भन्ने नाम रह्यो त्यसै दिन देखि ।
छोरो बाँच्यो र पार्वती हुनुभयो खुसी ।
देवी-देव हर्षे हाँसे पुष्पवृष्टि भयो ।
गणेशको दोस्रो नाम विघ्नहर्ता रह्यो ।

॥४ ॥

जय गणेश, जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥५ ॥

पार्वती र शिव गङ्गा बसे एकै ठाम ।
कुमार, गणेश बोलाएर आज्ञा भयो काम ।
परिक्रमा गरी आऊ, सुमेरु पर्वत ।
पहिला पुग्ने पुत्रलाई वर दिन्छु म त ॥

॥६ ॥

जय गणेश, जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥७ ॥

मुषकले शिक्षा दियो गणपतिलाई ।
खुसी भए गणराज नयाँ युक्ति पाई ।
पार्वती गंगा शिवलाई परिक्रमा गरे ।
मेरा सुमेरु हौ तिमी भन्दै चरण परे ॥

॥८ ॥

जय गणेश, जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥९ ॥

खुसी हुनु भयो शिव, बक्स्यो वरदान ।
पूजा गर्दा तिम्रो पूजा पहिला होला जान ।
पिताजीका वरबाट भए शक्तिशाली ।
गर्छौं हामी आरती धूप दीप बाली ॥

॥१० ॥

जय गणेश जय गणेश, जय गणेश ।
शिव-पार्वतीका छोरा जय गणेश ॥
श्री गणेशाय नमः गणेशको गरौं कीर्तन ॥

॥११ ॥

❖❖❖

## ख. शिव कीर्तन

नमः शिवाय, नमः शिवाय ।
गौरीपति शंकर महेश्वराय ॥

॥१॥

शिव गङ्गाधराय जटाधराय,
हरे रामेश्वराय, शंभो भोलाय ।
जय विश्वपतय, कैलाशपतय,
शिव गौरी पतय, सती पतय ॥

॥२ ॥

नमः शिवाय, नमः शिवाय ।
गौरीपति शंकर, महेश्वराय ॥

॥३ ॥

शिव निलकण्ठाय, शशीधराय,
त्रिपुराय त्रिनेत्राय, शिव तराय ।
जय भूतेशाय नमः शिव शर्माय,
मृत्युञ्जय निरञ्जन, सदा शिवाय ॥

॥४ ॥

नमः शिवाय, नमः शिवाय ।
गौरीपति शंकर, महेश्वराय ॥

॥५ ॥

हे कालाग्नि ! रुद्रायः मृगेश्वराय,
शिव किराँतेश्वराय मुक्तेश्वराय ।
वेदान्तेश्वराय नमः योगेश्वराय,
मसानेश्वराय नमः जलेश्वराय ॥

॥६ ॥

नमः शिवाय, नमः शिवाय ॥
गौरीपति शंकर, महेश्वराय ॥

॥७ ॥

यज्ञस्वरूपाय शिव, दिगम्बराय,

भोला आशुतोषाय, चराचराय ।

जय वेदान्तेश्वराय, भष्मेश्वराय,

शिव सन्तानेश्वराय, परमेश्वराय ॥

॥८ ॥

नमः शिवाय, नमः शिवाय ।

गौरीपति शंकर, महेश्वराय ॥

॥९ ॥

जय जय जय होस, विश्वनाथ को

जय जय जय होस् बद्रीनाथ को ।

हामी तिम्रै अंश हौं लेउ शरण,

नपरोस् है शंकर जन्मि मरन ॥

॥१० ॥

नमः शिवाय नमः शिवाय ।

गौरीपति शंकर महेश्वराय ॥

॥११ ॥

❖❖❖

**ग. आरती भजन**

प्रथम् आरती, प्रथम् भजन ।

प्रभु गणपतिलाई, गर्छौं अर्पण ॥

दोस्रो आरती, दोस्रो भजन ।

गौरी पति शिवलाई, गर्छौं अर्पण ॥

तेस्रो आरती, तेस्रो भजन ।

लक्ष्मी नारायणलाई, गर्छौं अर्पण ॥

चौथो आरती, चौथो भजन ।

ब्रह्मायणी ब्रह्मालाई, गर्छौं अर्पण ॥

पाँचौं आरती, पाँचौं भजन ।
प्यारा राधाकृष्णलाई, गर्छौं अर्पण ॥
छैटौं आरती, छैटौं भजन ।
सीता रामचन्द्रलाई गर्छौं अर्पण ॥
सातौं आरती, सातौं भजन ।
सूर्य नारायणलाई, गर्छौं अर्पण ॥
आठौं आरती, आठौं भजन ।
महादेव आमालाई, गर्छौं अर्पण ॥
नवौं आरती, नवौं भजन ।
महालक्ष्मी आमालाई, गर्छौं अर्पण ॥
दशौं आरती, दशौं भजन ।
महा सरस्वतीलाई, गर्छौं अर्पण ॥
एघारौं आरती, एघारौं भजन ।
महा भगवतीलाई, गर्छौं अर्पण ॥
बाह्रौं आरती, बाह्रौं भजन ।
विन्ध्येश्वरी मातालाई, गर्छौं अर्पण ॥
तेह्रौं आरती, तेह्रौं भजन ।
सबै ऋषिमुनिलाई, गर्छौं अर्पण ॥
चौधौं आरती, चौधौं भजन ।
तेतिस कोटि द्यौतालाई, गर्छौं अर्पण ॥
पन्ध्रौं आरती, पन्ध्रौं भजन ।
तेतिसकोटि देवीलाई, गर्छौं अर्पण ॥
सोह्रौं आरती, सोह्रौं भजन ।
पितृ देवहरूलाई, गर्छौं अर्पण ॥
सत्रौं आरती, सत्रौं भजन ।
भक्तकर्ता श्रोतालाई, गर्छौं अर्पण ॥
गर्छौं भक्तजति, भजन् कीर्तन् आरती ।
भजन् कीर्तन् आरती ॥ ❖❖❖

## २. कुश्मा क्षेत्रमा प्रचलित पर्व गीत

### क. तिज आयो भनेर

तिज आयो भनेर सबै जान्छन् माइत
आफ्नो माइत मुग्लान पारी छैन साइत

हे लामो पुलको छेवैंमा दिनुभयो बाबाले
चल्दैन रेल मोटर म कसरी जाम
पैसा छैन भनेर नरोऊ चेली धुरूरू
मोटरमा चढेर आउली खुरूरू
हे पैतालीमा खाला छैनन् मलाई बाले जुत्ताले
शरिरमा रगत छैन डाले जुकाले
हे पैतालीको खाला लयो मटर हिन्ने बाटाले
ज्यानमा रगत छैन आमा काँचा भाटाले

हे धान खायो पुतलाले मकै खायो घुनाले
दैलो पोत्न परेन सासु हुनाले
साउन मासको भुतलाको चकटी
दैलो पोत्न परेन भन्छे नकटी

हे खरानीले भाँडा मोल्दा हात धुन हुँदैन
बुहारीलाई साबनले कैलेइ पुग्दैन
हे कुँडेमा हेर्दा खेरी बिरालुले चाटेको
के काम लाग्यो मैले घाँस काटेको ।

❖❖❖

## क. देउसीरे गीत

| | |
|---|---|
| ए भन भन भाइ हो | देउसी रे |
| राम्ररी भन | देउसी रे |
| स्वर मिलाई कन् | देउसी रे |
| सबैले भन | देउसी रे |
| वर्षै र दिनको | देउसी रे |
| तीन दिन तिहार | देउसी रे |
| मनाऔं भनी | देउसी रे |
| बाँचेको हुँदा | देउसी रे |
| पाएको मान्न | देउसी रे |
| यो घरका | देउसी रे |
| गाईवस्तु बढुन | देउसी रे |
| घरभरी अन्न | देउसी रे |
| भरिपूर्ण होस् | देउसी रे |
| अहिले आउँदा | देउसी रे |
| टिनको छानो | देउसी रे |
| अर्को साल आउँदा | देउसी रे |
| सुनको छानो | देउसी रे |
| देख्न पाइयोस् | देउसी रे |

❖❖❖

**ख. भैलो गीत**

| | |
|---|---|
| ए भन मेरी संगी | भैली |
| ए राम्ररी भन | भैली |
| स्वर मिलाई भन | भैली |
| सबैले भन | भैली |
| रातो माटो | भैली |
| चिप्लो बाटो | भैली |
| लड्दै र पड्दै | भैली |
| हजुरको | भैली |
| आँगनमा | भैली |
| ए भैलो खेल्दै | भैली |
| ए आएका हामी | भैली |
| ए एक घर हैन | भैली |
| ए दुई घर हैन | भैली |

❖❖❖

### ३. कुश्मा क्षेत्रमा प्रचलित श्रम गीत

### क. गोठाले गीत

दाइ भाइलाई स्कुल पढाउनी
मलाई सधैं गोठाली बनाउनी
तारा जुनाले, माइतीघर उज्यालो दाइ र भाइ हुनाले ।

सधैँ जान्छु गाई बाखा चराउन
मेरी आमा सकिनौ पढाउन
तारा जुनाले,... ।

जानपऱ्यो पराइको घरमा
बस्न पाइन माइतीको भरमा
तारा जुनाले,... ।

भेडाबाखा चराउन धाउनी हो
पढ्न पाइन के माया लाउनी हो
तारा जुनाले,... ।

घाँसको डोको दाउराको भारी त
यस्तै भन्दा ठगीय नारी त
तारा जुनाले,... ।

❖❖❖

**ख    जेठे लोकगीत**

जेठै र मासाको यिनै चर्का घाम एकलै घैँया गोड्छु नी है
कहाँमा गइन तिमरी नन्द एकलै घैँया गोड्छ्यौं नी हौ
सधैँका स्कुल जाने कैले पो घैँया गोड्थिन् नी है ।
कहाँमा गइन तिमरी देउरानी एकलै घैँया गाड्छ्यौं नी है
सँधैको दूधे बालक भन्छिन् कैले पो घैँया गोड्थिन् नी है ।

कहाँमा गए तिमरा जठाजु एकलै घैँया गोड्छ्यौं नी हौ
जुवाडे बानी सँधैको तास खेलने कहाँको घैँया गोड्थे नी है ।
कहाँमा गइन तिमरी जेठानी एकलै घैँया गाड्छ्यौं नी है
सँधैको घाँस र दाउरा जेठानी कैले पो घैँया गोड्थिन् नी है ।

कहाँमा गए तिमरा देवर एकलै घैँया गोड्छ्यौं नी हौ ।
सँधैको विदेश हामरा देवर कैले घैँया गोड्थे नी है ।

❖❖❖

नगदे र खाद्य बाली, हुने मौसम रहेछ यसपाली
बिर्सुला र त्यो विगत के को, तिमी खन्ने म कोदो रोपेको
सम्भ्यो कि मन उराठ लाउनी, घैँयावारी गोडेको याद आउनी
सँगै मकै गोडेको कर्म नी, अभ्कै तिर्न बाँकी छ पर्मनी
हराभरा वरि र परि, त्यो दृश्य भुलौला कसरी
हिजोआज बढ्दै छ अति, कोदोरोप्दा बसेको पिरती ।

❖❖❖

## ग. असारे गीत

मकै खनेर, बीउ जेठ मै छरौला, असारमा धान रोपाई गरौला
हलो जुवा हातैमा कोदाली, रोपाई दिवस मनाउला यसपाली
गोडमेल गरी पानी नी लगाउला अर्मपर्म सबैलाई सगाउला
शरद ऋतु फेरिदै आ'को छ, पहेलपुर धान झुल्न लाको छ
आउनु है त मंसिरको मेलैमा, धान काटेर दाइँ हाल्ने बेलैमा
मेहनत गरे पाइन्छ खानलाई, पर्दैन भो विदेश जानलाई
पर्वत जिल्ला जन्मिएता, अग्लो पुलले चिनिन्छ पर्वत
दुःख उस्तै फलाउन धान, जुरुमुराउछ असारमा मुहान ।

## घ. कुश्मा क्षेत्रमा प्रचलित चुड्का असारे गीत

समयमा परदिए पानी, खुसी हुन्छन् धान रोप्ने किसानी
रोप्दै धान पानीको भेलामा, सबैलाई हतार असारे मेलामा ।
हुन्छ कर्म गर्मीको जित, धान भित्र्याउदा किसान हर्षित
केही नगर्ने हुनेछन् फिर्दा, भकारी र करेरी भरिदा ।
परे देखी माटोको भर, कोसिस गरे नहुने के छर
कोइली चरी वनभित्र कराउँदा, भीरपाखामा गाईवस्तु चराउँदा ।

❖❖❖

## ङ. कुश्मा क्षेत्रमा प्रचलित दाइँगीत

चालिस मुरी भरुवा छ मुरी रास
बाह्रमासे फूलको सोफियामा वास
हो हो काले हो हो, हो हो माले हो हो

पुच्छरले बढारीदेऊ कानले बतास देऊ
मीगो थामीदेऊ, माडो घुमाइ देऊ
हो हो काले हो.............. ।

हो हो हाम्रा दाजुभाइ, हो हो पराल छिटो माडिदेउ
ढिला हुदै गएको छ, छिटो छिटो घुमिदेऊ
हो हो काले हो.............. ।

जतासुकै भरिभराऊ गरिदेऊ
सबै ठाउँमा धानका रास भराइदेऊ
हो हो काले हो.............. ।

हो हो हाम्रा दाजुभाइ, साहुजीका लामा-लामा कान
ल्याउ भुमे भैरम, आगन भरी धान
हो हो काले हो.............. ।

❖❖❖

च. भुमे भैरम दिम्ला दुध धारा, धुप दीप चढाउला सारा
हो हो माडो हो, पराल छिटो फाडो

सह भरिदेऊ अनी फारु गरी देऊ
भुमे भैरमले रक्षा गरिदेऊ
हो हो माडो हो, पराल छिटो फाडो ।

हिमाल जस्तै धानको रास
भरिभराऊ छरिन्छ सुभाष
हो हो माडो हो, पराल छिटो फाडो

आजका ददेरालाई खुवाउला घीउका चोइली
मिँयाको सिरमा घुमीरहेको कोइली
हो हो माडो हो, पराल छिटो फाडो

दुलुङ्कोटको भूमिलाई धुपध्वजा चढाउला
बर्से धान भकारी बढाउला
हो हो माडो हो, पराल छिटो फाडो

आकाशमा हेर नौ लाखेतारा
धानका विटा बोक्दै हिन्छन् खेतला सारा
हो हो माडो हो, पराल छिटो फाडो ।

❖❖❖

## ४. कुश्मा क्षेत्रमा प्रचलित संस्कार गीत

### रत्यौली

चैतमा मकै रोप्यो असारैमा धान,
रत्यौलीमा नाच्नलाई किन खोज्छ्यौ मान
खरी झरे झर्ला ठोकीदे मादलु
मैले गीत गाउँदा गम्कीदे मादलु ।

सबै मिलि रत्यौलीमा नाच्ने हो गाउने हो,
यति राम्रो लर्के जोवन कहिलेलाई साँच्ने हो ।
खरी झरे झर्ला ठोकीदे मादलु

सानो छन्जेल गाईको बाच्छो ठूलो भइसी बहर
आजको यस रतेउलीमा पुऱ्याउने हो रहर
मैले गीत गाउँदा गम्कीदे मादलु ।
खरी झरे झर्ला ठोकीदे मादलु

कोही पूर्वका कोही पश्चिमका सईंसाथी भेटियो
यो मनको तिर्सना बल्ल पो मेटियो,
खरी झरे झर्ला ठोकीदे मादलु
मैले गीत गाउँदा गम्कीदे मादलु ।

❖❖❖

## ५. कुश्मा क्षेत्रमा प्रचलित बाह्रमासे गीत

### क. एकोहोरी गीत

कुरी बसे डाँडाको चौतारी
हिडिन् माया कि अन्तै भौतारी
रिम झिम साझैमा, प्रीतिको खिल बस्यो मुटु माझैमा

कस्तो बेला भएछ चिन्जान
जानेपनि भै दिने अन्जान

शत्रुले कि कुरा लाई दियो
रसको माया विरसको भई दियो

पीतल जस्तै भई दियो सुन पनि
पोल्ने भयो पूर्णेको जुन पनि

दैव दशा लागेर हो कि त ?
आफ्नै मान्छे रिसाउँछन् म सित

❖❖❖

## ख कुश्मा क्षेत्रमा प्रचलित दोहोरी गीत

केटा : तिम्रो मेरो मिलनको यो घडी
साइली गरौ माया छेउकुना नछोडी
खोला पारी पुग्यो माझीदाइ
साइली यो जुनीमा सारै नै ठगेछ बाइ
केटी : मन मिल्यो लगायौ माया
साइला करिमले देखायो घाम, छायाँ
खोला पारी पुग्यो माझीदाइ
साइला यो जुनीमा सारै नै ठगेछ बाइ

केटा : यति सानो नबनाउ मन
साइली हासी खुसी बिताउला जीवन
खोला पारी पुग्यो माझीदाइ
साइली यो जुनीमा सारै नै ठगेछ बाइ
केटी : जीउ सुखी कर्म भो दुःखी ...
साइला मरिन्छ कि धोको नै नपुगी
खोला पारी पुग्यो माझीदाइ
साइला यो जुनीमा सारै नै ठगेछ बाइ

केटा : विदेश जाउला धन कमाइ ल्याउला
साइली सुखमय जीवन बिताउला
खोला पारी पुग्यो माझीदाइ
साइली यो जुनीमा सारैनै ठगेछ बाइ
केटी : विदेशमा नगए हुन्न र ...
साइला हजुर गए यो मन रुन्न र
खोला पारी पुग्यो माझीदाइ
साइला यो जुनीमा सारैनै ठगेछ बाइ

केटा : मीठो खान मसिनो लाउन ....

साइली जान्छु यो मन सम्पत्ति कमाउन

खोला पारी पुग्यो माझीदाइ

साइली यो जुनीमा सारै नै ठगेछ बाइ

केटी : बरु आटो पीठो नै खाऔ ...

साइला सगै बसौं यो जीवन बिताऔ

खोला पारी पुग्यो माझीदाइ

साइला यो जुनीमा सारै नै ठगेछ बाइ

केटा : सन्तान होलान के गरी पढाउने ...

साइली चाडवाड के गरी मनाउने

खोला पारी पुग्यो माझीदाइ

साइली यो जुनीमा सारै नै ठगेछ बाइ

केटी : मेरो हजुर नजानोस् ओमन ...

विस बाइसे छोडि यो जीवन

खोला पारी पुग्यो माझीदाइ

साइला यो जुनीमा सारै नै ठगेछ बाइ

केटा : सुनको औंठी र सिक्री बेचौला ...

साइली नगुग पैसा ब्याजमा काढौला

खोला पारी पुग्यो माझीदाइ

साइली यो जुनीमा सारै नै ठगेछ बाइ

केटी : साठी हजार दलाललाई ख्वाएर

साइला भाग्ने हो कि हामीलाई रुवाएर

खोला पारी पुग्यो माझीदाइ

साइला यो जुनीमा सारै नै ठगेछ बाइ ।

❖❖❖

## ग. झ्याउरे गीत

आहा कति राम्रो कम्मर छिनेको
लाली ओठ कसरी मिलेको
कति स्वाको हात्ती जस्तै लस्की हिँडेको
        आक्कल झुक्कल भेट हुने कैले काई,
        बोल्ने इच्छा नबोल्ने मैले चाई
        चैते दसैं बाग्लुङमा मादल किनेको
        त्यै वेला मौका परी मैले चिनेको
बोल्यो कित मुसुक्क हाँस्दिन्छे
गीत गाउँदै उठेर नाच्दिन्छे
एउटै कम्मर तीन ठाउमा भाँच्दिन्छे
कसम खादै माया पनि गाँस्दिन्छे ।
        बितेका दिन सम्झदा खेरी
        ऐले मेरो मन रुन्छ धर्धरी
        खोली, पाखा घाँस काट्न गइन्थ्यो
        काफल गेडी टिपेर खाइन्थ्यो
        साझ पख घर फर्कि आइन्थ्यो
ती दिनलाई सम्जदा खेरी
यतिखेर मन रुन्छ धर्धरी
        भट्ट मकै भुटेर लगेको
        छहारीमा बसेर खाएको
        चिसो पानी सोलीमा पिएको
        सुनीमायाको गीत गाएको
        ती दिनलाई सम्जदा खेरी
        यतिखेर मनरुन्छ धर्धरी ।

❖❖❖

घ. **भ्याउरे : पातै फरर**

मैले भन्दा नमाने नानी
हुकी जाला कलिलो जवानी
पातै फरर, कुश्माको बजारमा हावासरर

माया तिम्रो मन किन साह्रो भो
जुग जानेमा दिन जान गाह्रो भो
पातै फरर, कुश्माको बजारमा हावारर

ऐले माया रिसाई जाउली
पछि संझी रुँदा पो चाल पाउली
पातै फरर, कुश्माको बजारमा हावासरर

यो मायालाई भनेर भएन
मनको धोको कहिल्यै नी पुगेन
पातै फरर, कुश्माको बजारमा हावासरर

तिम्रो शंका अझ सँग गएन
छाती चिरी देखाउन भएन
पातै फरर, कुश्माको बजारमा हावासरर ।

❖❖❖

परिशिष्ट खण्ड : ख

# कुश्मा क्षेत्रमा प्रचलित लोकगीत गाउँदै गायक गायिका





# कुश्मा क्षेत्रमा प्रचलित लोकगीत गाउँदै गायक गायिका



